# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-६७

# Overview of Weekly Media Study Vol. 67


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पढ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८३ वैशाख २०, आइतबार

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८३ साल वैशाख १४ गतेदेखि २० गतेसम्मका प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण तथा लेखहरूको गहन अध्ययनपश्चात् तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय तथा रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियामा मुखरित विषयवस्तुले हाम्रो मौलिक पहिचान, सांस्कृतिक जागरण र समृद्धिको बलियो तस्बिर प्रस्तुत गरेका छन् । बुद्ध पूर्णिमाको अवसरमा राष्ट्रपतिबाट व्यक्त बुद्ध दर्शनको अपरिहार्यता र लुम्बिनीलाई समृद्धिको आधार बनाउने सोचले नेपालको आध्यात्मिक सामर्थ्यलाई उजागर गरेको छ । जातव्यवस्थाविरुद्ध बुद्धको विद्रोह र मानवताका लागि उनको दर्शन आजको वैश्विक परिवेशमा झन् सान्दर्भिक बनेको छ । समाजमा स्व-धर्म र संस्कृतिप्रति विशेष जागरण देखिनु सकारात्मक पक्ष हो । भजनकीर्तनमा युवापुस्ताको बढ्दो रुचिदेखि रातो मत्स्येन्द्रनाथको रथयात्रा, चण्डेश्वरी जात्रा र किराँत समुदायको उभौली ( साकेला) सम्मका रौनकले हाम्रो विविधतायुक्त सभ्यतालाई जीवन्त राखेका छन् । यी गतिविधिले परम्पराको संरक्षण मात्र नगरी सामाजिक एकता र सांस्कृतिक गौरवलाई समेत पुनःस्थापित गरेका छन् । अर्कोतर्फ, संस्कृतिलाई पर्यटन र आयआर्जनसँग जोड्ने प्रयासहरू उत्साहजनक छन् । गुराँस फुल्ने याममा 'मुन्दुम ट्रेल' को आकर्षण, १० वर्षे राष्ट्रिय आरोग्य पर्यटन रणनीति र बन्दीपुरको गाउँ पर्यटन मेला जस्ता पहलले नेपाललाई विश्वकै विशिष्ट गन्तव्य बनाउने आधार तय गरेका विषय व्यक्त छन् । पर्सा राष्ट्रिय निकुञ्जदेखि जनकपुरधामसम्मको पर्यटकीय विस्तारले स्थानीय अर्थतन्त्रमा टेवा पुग्ने निश्चिततातिर पनि प्रायः चिहाइएको छ । आदिकवि भानुभक्त आचार्यको जन्मभूमि चुँदी रम्घालाई नेपाली भाषा र साहित्यको अन्तर्राष्ट्रिय केन्द्र बनाउने लक्ष्यसहित 'भानु साहित्य उद्यान' निर्माण गर्न लागिएको कुरा आफैमा स्रष्टाप्रतिको सम्मानको अभिव्यक्ति हो । यस्ता सामग्रीहरूको सार के हो भने– हाम्रा मौलिक सम्पदा, प्रकृति र संस्कृति नै नेपालको भविष्य बदल्ने मुख्य सूत्रहरू हुन् । यी सम्पदाको प्रवर्द्धन र संरक्षणमा राज्य तथा नागरिकको एकीकृत प्रयास नै आजको आवश्यकता हो ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ प्रकाशित विषयवस्तुले नेपाली राजनीतिका विरोधाभास, प्रशासनिक चुनौती र समृद्धिका केही आशलाग्दा संकेतहरूलाई एकसाथ उजागर गरेका छन् । एकातिर सरकारले अध्यादेशमार्फत शासन चलाउन खोजेको भन्दै विपक्षीको मोर्चाबन्दी र दुई दर्जन निकायहरू पदाधिकारीविहीन हुनुले सुशासनको कमजोर अवस्था देखाउँछ भने, अर्कोतिर नागढुङ्गा सुरुङमार्ग सञ्चालनको तयारी र सुदूरपश्चिममा केबलकार तथा स्वास्थ्य विश्वविद्यालय जस्ता आयोजनाले विकासको हुटहुटीलाई दर्शाउँछन् । सञ्चारमन्त्रीको 'प्रेस स्वतन्त्रता' को प्रतिबद्धता र सामुदायिक मिडियाको विज्ञापन पीडाबीचको खाडल अझै चुनौतीपूर्ण देखिन्छ । यद्यपि, चट्टान फोडेर जीविकोपार्जन गर्ने पुरानारामको संघर्ष र 'शिक्षाको माटो, न्यायको बाटो' जस्ता अभियानले तल्लो तहमा अझै पनि कर्मशीलता र न्यायको आशा जीवितै रहेको पुष्टि गर्दछन् । भारतीय विदेश सचिव विक्रम मिस्रीको भ्रमणले छिमेकीसँगको सम्बन्धलाई नयाँ गति दिने अपेक्षा राख्दै गर्दा रसुवागढी नाकाबाट मानसरोवर यात्राको पुनः आरम्भ हुनुले धार्मिक पर्यटन र सीमापार सम्बन्धमा थप इँटा थपेको छ । 'नेपाली कम्युनिस्टमा वामपन्थी चरित्र नै नभएको' जस्ता गम्भीर आलोचना पनि यस अवधिमा समेटिएका छन् । समग्रमा, यो सामग्रीले नेपाली समाज हाल कूटनीतिक जटिलता र आन्तरिक राजनीतिक खिचातानीका बीच पनि आर्थिक र भौतिक समुन्नतितर्फ पाइला चाल्न खोजिरहेको तथ्यलाई वस्तुपरक ढंगले विश्लेषण गरेको छ ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक तथा रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक तथा व्यवस्थित परिदृश्य प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास गरिएको छ ।

**Date: 2083 Baisakh 20, Sunday**

# Weekly Media Study Summary– Part 67

This Weekly Media Monitoring Report presented by Nepal Samwad Kendra, has been prepared following an in-depth study of news, opinions, analyses and articles published and broadcast in major national daily newspapers, online, print and television media from **Baisakh 14 to 20, 2083.** The report incorporates positive, readable and constructive content published during this period.

During this period, the themes prominently reflected in Nepali media presents a strong picture of our indigenous identity, cultural awakening and the foundation of prosperity. On the occasion of Buddha Purnima, the President's expression about the indispensability of Buddha's philosophy and the vision of making Lumbini a foundation for prosperity has highlighted Nepal's spiritual strength. Buddha's rebellion against the caste system and his philosophy for humanity have become even more relevant in today's global context. The growing awareness towards one's own religion and culture in society is a positive aspect. From the increasing interest of the younger generation in devotional singing to the vibrancy of the Rato Machhindranath chariot festival, Chandeshwori Jatra, and the Ubhauli (Sakela) celebrations of the Kirat community, these activities have kept our diverse civilization alive. Such practices have not only preserved traditions but have also reinforced social unity and cultural pride. On the other hand, efforts to link culture with tourism and income generation appear encouraging. Initiatives such as the attraction of the 'Mundum Trail' during the rhododendron blooming season, the 10-year national health tourism strategy and the village tourism fair in Bandipur indicates a foundation being laid to establish Nepal as a unique global destination. The expansion of tourism from Parsa National Park to Janakpurdham also points toward a growing contribution to the local economy. The initiative to construct the 'Bhanu Sahitya Udyan' with the objective of developing Chundi Ramgha, the birthplace of Adikavi Bhanubhakta Acharya, into an international center for Nepali language and literature itself reflects respect towards literary figures. The essence of these contents is that; our indigenous heritage, nature and culture are the key drivers that can transform Nepal's future. A coordinated effort by both the state and citizens in the promotion and preservation of these assets is the need of the time.

In terms of inter-country, diplomatic, democratic and social issues, the published contents reveal contradictions in Nepali politics, administrative challenges and some hopeful signs of progress simultaneously. On one hand, the opposition's alignment against the government for attempting to run governance through ordinances and the vacancy of officials in around two dozen bodies indicate weaknesses in good governance. On the other hand, preparations for the operation of the Nagdhunga tunnel road and projects such as a cable car and a health university in Sudurpaschim reflect a strong aspiration for development. The gap between the Communications Minister's commitment to press freedom and the struggles of community media regarding advertisements remains a challenge. Nevertheless, the struggle of Puranaram, who earns his livelihood by breaking rocks and campaigns such as "Soil of education, Path of justice" demonstrates that diligence and hope for justice are still alive at the grassroots level. The visit of Indian Foreign Secretary Vikram Misri's visit to Nepal is expected to give new momentum to relations with the neighboring country, while the resumption of the Mansarovar pilgrimage through the Rasuwagadhi border has added a new dimension to religious tourism and cross-border relations. Strong criticisms such as "Nepali communists lack a leftist character" have also been reflected during this period. Overall, these contents objectively analyzes the fact that Nepali society, despite current diplomatic complexities and internal political tensions, is trying to take steps toward economic and physical development.

The issues included in this Weekly Media Monitoring Report presents a clear, factual and systematic overview of contemporary, relevant and strategic national and international matters. It is believed that this report will serve as a useful reference material for researchers, policymakers, readers and media professionals.

## २०८३ वैशाख १४ गतेदेखि वैशाख २० गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### विश्वशान्तिका लागि बुद्धका सन्देश अपरिहार्य

विश्वमा बढ्दो हिंसा, द्वन्द्व, असहिष्णुता र अशान्तिको अन्त्यका लागि भगवान् गौतम बुद्धका सन्देश आज सान्दर्भिक र अपरिहार्य बनेका छन् । २५७० औँ बुद्ध जयन्तीको अवसरमा तुलसीपुर मेट्रो कलेजले आयोजना गरेको 'बुद्धले फैलाएको शान्तिको सन्देश र आजको सन्दर्भ' विषयक अन्तरक्रिया कार्यक्रममा वक्ताहरूले विश्वशान्ति स्थापनाका लागि बुद्धका शिक्षालाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रमका प्रमुख अतिथि तुलसीपुर उपमहानगरपालिकाका नगरप्रमुख टीकाराम खड्काले समाजमा बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/203728**

### बुद्ध वचनको विस्तार

बौद्ध धर्मको इतिहासमा रुचि राख्नेका लागि गौतम बुद्धको जीवनी कौतुहलपूर्ण विषय हो । यसले जहिले पनि आकर्षित गरिरहेको हुन्छ । प्रश्न हुने गर्छ, उनको जीवनको स्रोत के हो त ? बौद्ध साहित्यको अध्ययन गर्ने हो भने बुद्धको जीवनी थाहा पाउन पाँच स्रोत उपलब्ध छन् । ती हुन्- महावस्तु, ललितविस्तर, बुद्ध चरित, निदान कथा र अभिनिष्क्रमण सूत्र । महावस्तु महासंघिकको हो । लतिलविस्तर मिश्रित संस्कृतमा लेखिएको छ । बुद्ध चरित भने शुद्ध संस्कृतिमा काव्य शैलीमा छ । जातक त पालि भाषामै छ । अभिनिष्क्रिमण सूत्र धर्मगुप्तको भयो । बाँकी...

स्रोत : **https://ekantipur.com/koseli/2026/05/02/expansion-of-buddhas-words-23-24.html**

### बुद्ध दर्शनले मात्रै दिगो शान्ति र समृद्धिको आधार निर्माण गर्नसक्छ : राष्ट्रपति पौडेल

राष्ट्रपति रामचन्द्र पौडेलले बुद्ध दर्शनलाई व्यवहारमा रुपान्तरण गर्न सकेमात्रै दिगो शान्ति र समृद्धिको आधार निर्माण गर्न सकिने बताएका छन् । बिहीबार ललितपुरमा आयोजित बौद्ध सभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । बुद्धका अहिंसामैत्री, करणा र प्रज्ञाका सन्देशलाई व्यवहारमा रुपान्तरण गर्न सकेमा मात्र दिगो शान्ति र समृद्धिको आधार निर्माण हुने राष्ट्रपति पौडेलको भनाइ थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1921595/only-buddhist-philosophy-can-build-the-foundation-for-sustainable-peace-and-prosperity-president-poudel**

### जातव्यवस्थाविरुद्ध बुद्ध

झन्डै पाँच हजार वर्षअघि ऋग्वेदको पुरुषसूक्तमा वर्णव्यवस्थाको उल्लेख पहिलो पल्ट भएको हो । ऋग्वेदको १० औँ मण्डलको ९० औँ सूक्तमा पुरुषसूक्तको वर्णन छ । त्यसको एक स्तुति अनुसार आदिपुरुष प्रजापति ब्रह्माको उत्पत्ति सृष्टिपूर्व नै भइसकेको थियो । उनका सन्तान देवताहरूले उनलाई 'दैविक बलि' चढाए । फलस्वरूप ब्रह्माको मुखबाट ब्राह्मण, हातबाट क्षत्रीय, जाँघबाट वैश्य र खुट्टाबाट शूद्र उत्पत्ति भए । त्यसै गरी मुखबाटै इन्द्र र अग्नि, मस्तिष्कबाट चन्द्रमा, आँखाबाट सूर्य, श्वासबाट हावा, नाभीबाट वायु अनि यही 'दैविक बल' बाट 'पवित्र सिद्धान्त' उत्पत्ति भयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/203987**

## सम्भावनाको स्वर्ग

नेपाल केवल एउटा देश मात्र नभएर सम्भावनाको विशाल भूगोल हो । विश्व मानचित्रमा क्षेत्रफलका हिसाबले सानो देखिए पनि प्राकृतिक सम्पदा, सांस्कृतिक विविधता र मानवीय मूल्यका आधारमा नेपाल विश्वकै समृद्ध मुलुकमध्ये एक हो । प्रकृतिले दिएको अनुपम पहिचान, सगरमाथाको उचाइ र बुद्धको जन्मस्थल लुम्बिनीजस्ता सम्पदाहरूले नेपाललाई विश्व सभ्यताको जीवित केन्द्र बनाएका छन् । यति धेरै स्रोत र साधन हुँदाहुँदै पनि हामीले अपेक्षित प्रगति गर्न सकेका छैनौं । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/opinion/a-paradise-of-possibilities-br-33-55.html?click_from=just_in**

## हरे राम हरे कृष्ण : भजनकीर्तनमा मदमग्न एमआरआर

बिहान ब्रह्म मुहूर्तमा बा-हजुरबाले 'ॐ जय जगदीश हरे' गाउँदा झर्को मानेर सिरकभित्र गुटुमुटु पर्ने पुस्ता थिए ती । घण्टी र शंखको ध्वनि अनि भजनको अलापमा यिनीहरू न जागृत हुन्थे, न मुग्ध । बरु क्यासेट प्लेयरमा 'हो जा रंगीला रे' घन्काएर शरीरका अवयवहरू जऱ्याकजुरुक पार्दै आफ्नो दैनिकी सुरु गर्थे । प्रातकालीन आरतीमा यिनीहरूले थाली घुमाएनन्, पूजाआजा गरेनन्, टीका-प्रसाद ग्रहण गरेनन् । अन्ततः भक्ति भजनसँगै सुरु हुने घरको चालामाला फेरियो । सबेरै पूजापाठ गर्ने र साँझ सत्संग गर्ने अनादि क्रम भंग भयो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1919233/hare-rama-hare-krishna-mrr-engrossed-in-bhajan-kirtan**

## लगनखेलमा रातो मत्स्येन्द्रनाथको पूजा गर्ने भक्तजनको घुइँचो

ललितपुरको लगनखेलमा रातो मत्स्येन्द्रनाथको पूजा गर्ने भक्तजनहरूको ठुलो घुइँचो लागेको छ । रातो मत्स्येन्द्रनाथको रथयात्राको एक महत्त्वपूर्ण चरणको रूपमा रहेको लगनखेलमा आज हुने 'रथ पूजा' का लागि बिहानैदेखि भक्तजनहरूको ठुलो भीड देखिएको हो । रथमा पूजाअर्चना गरी मनोकामना पूरा हुने धार्मिक विश्वासका साथ उपत्यकाका विभिन्न क्षेत्रबाट सर्वसाधारण भक्तजनहरू लगनखेलमा भेला भएका छन् । रातो मत्स्येन्द्रनाथलाई वर्षा र सहकालको देवताको रूपमा पुजिन्छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/559686/crowd-of-devotees-worshipping-rato-matsyendranath-in-lagankhel**

## बुद्धजयन्तीमा लुम्बिनीमा देखिएन रौनक, सभामुख र पर्यटनमन्त्री नबोली फर्किए

बुद्ध जन्मस्थल लुम्बिनीमा आयोजित २५ सय ७० औ  बुद्ध जयन्ती कार्यक्रममा प्रधानमन्त्री बालेन्द्र शाह नआएको र आएका सभामुख र पर्यटन मन्त्री  पनि सार्वजनिक रुपमा मन्तव्य नदिई फर्किएकोमा बुद्ध जयन्ती समारोहमा सहभागीहरुले खल्लो भएको  सुनाएका छन् । त्यसमाथि वर्षाका कारण समेत कार्यक्रम प्रभावित हुँदा  बुद्ध जयन्तीको यस वर्ष रौनक देखिएन । कार्यक्रम खल्लो भएपछि सरोकार वाला र स्थानीय बासिन्दा निराश बनेका थिए । विगतका बुद्ध जयन्ती सम्मरोहमा प्रधानमन्त्री आउने र सम्बोधन गर्ने प्रचलन थियो ।तर झन्डै दुई तिहाइ बहुमतको बलियो सरकारका प्रधानमन्त्री बालेन्द्र शाह यसपटक के कारणले न आएका हुन्  भन्ने स्पष्ट भएको छैन । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/01/766405/**

## बेवास्तामा बडनदेवी मन्दिर

पश्चिम मकवानपुरको कैलाश गाउँपालिका -४ मा रहेको बडनदेवी मन्दिर बेवास्ताको शिकार बनेको छ । बढ्दो धर्म परिवर्तन र बसाइँ सराइका कारण ज्यान्द्रुङ भण्डारस्थित विद्यालय परिसरमै रहेको वडनदेवी मन्दिर बेवस्तामा परेको स्थानीयबासिन्दाले बताएका छन् । बिगतमा हेटौँडा, मनहरी, नामटार, चुनियालगायत स्थानबाट फागु पूर्णिमाको रात लाग्ने मेला भर्नका लागि भक्तजन आउने गरेका थिए । तर पछिल्ला १० बर्षयता त्यो क्रम घट्दैगएको मन्दिर संरक्षणमा नै समस्या पर्दै गइरहेको वडाध्यक्ष तिलक लामाले बताउनुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/202647**

## काभ्रेमा चण्डेश्वरी जात्रा शुरू

काभ्रेको बनेपामा आजबाट चण्डेश्वरी जात्रा शुरु भएको छ । प्रत्येक वर्ष यहाँका बासिन्दाले चण्डेश्वरी जात्रा मनाउने गर्दछन् । बनेपा सात गाउँमा हरेक वर्ष चण्डी पूर्णिमादेखि तीन दिनसम्म जात्रा मनाउने गरिन्छ । जात्राको पहिलो दिन बिहान सबेरै मत पूजा (चिराग यात्रा) गरिन्छ । धिमे, नायिखं, छुस्यालगायत विभिन्न बाजागाजासहित घरबाट चिराग बोक्दै बनेपाको लायकुमा जम्मा भई जलेश्वर महादेव ( जसिगा)सम्म पुगेर विसर्जन गर्ने प्रचलन छ । शुक्रबार बिहानको पूजापछि बनेपालीले तीन दिनसम्म यो जात्रा भव्यरुपमा मनाउँछन् । जात्रा अवधिभर बनेपाका सबै नेवार समुदायका घरमा भोज गरिन्छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1922378/chandeshwari-jatra-begins-in-kavre**

## उभौली पर्व र साकेला नाच : किराँत संस्कृति र सभ्यताको पहिचान

प्रकृतिपूजक किराँत राई समुदायले पूर्वी नेपालमा विशेष रूपमा मनाउने साकेला (उभौली) अन्तर्गत सिली नाचको शुभारम्भ गरी उदयपुरको सदरमुकाम गाईघाटमा यो पर्व भव्य रूपमा मनाउन सुरु गरिएको छ । किराँती धामी अर्थात् नाक्सुङले बिहान सबेरै यहाँस्थित साकेला थान, सिकारी थान र माछाकुँ अर्थात् पितृ घरमा तीन चुल्हा सहित सिकारीको पूजा गरेर साकेला नाचको थालनी गरेपछि यो पर्व सुरु भएको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/203925**

## पर्यटकीय गन्तव्य बन्दै बाजुराको बढालेक

बाजुराको बढालेक मन्दिर धार्मिक आस्थाको धरोहरका रुपमा परिचित छ । जिल्लाको खप्तड छेडेदह गाउँपालिका-७ ओलीगाउँमा रहेको बढालेक क्षेत्र पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै गएको छ । पर्यटकीय सम्भावना बोकेको उक्त क्षेत्रलाई जिल्लाकै नमूना गन्तव्यका रुपमा विकास गर्न स्थानीयवासी सक्रिय छन् । मन्दिर पुनःनिर्माणदेखि बाटो तथा गेट निर्माण कार्य सम्पन्न गरिसकेका छन् भने धर्मशाला र बासस्थान भवन पनि निर्माण भएका छन् । रारा खप्तड यात्राका बीचमा पर्ने र पर्यटकलाई आवातजावत गर्न सजिलो हुने हुँदा बढालेकमा भक्तजन बस्ने बासस्थानमा पानीका धारा निर्माण गरिएको छ भने मन्दिर पुग्न उकालो चढ्नुपर्ने बाटोमा १५० मिटर सिंढीलाई सिमेन्टेड बनाइएको छ । ठूलो घण्ट राख्ने र यात्रुलाई सहज प्रवेश गर्ने मूल गेटसमेत निर्माण गरिएको छ । बाँकी...

स्रोत : **https://samachardainik.com/news-details/49845/mail-to**

## ‘मुन्दुम ट्रेल’का ‘गुराँस’ले तान्दै पर्यटक

नेपाल सरकारले निर्धारण गरेको १०० वटा पर्यटकीय गन्तव्यमा पर्ने ‘मुन्दुम ट्रेल’ पदमार्गमा यतिबेला थरिथरिका गुराँस फुलेका छन् । मुन्दुम ट्रेल आसपासका एउटै वन तथा पाखामा विभिन्न रङ र प्रजातिका गुराँस ढकमक्क फुलेको देख्दा त्यहाँ पुग्ने जो कोही पनि लोभिन्छन् । मुन्दुम ट्रेल आसपासका हरिया वन तथा घाँसेमैदान क्षेत्रमा ढकमक्क भएर फुलेका गुराँसको रातो, सेतो र गुलाबी रङ मिसिँदा देखिने दृश्यले जो कोहीको मनलाई मोहित बनाउने गरेको छ । खोटाङको साकेला गाउँपालिका-३ खिदिमास्थित पर्यटकीयस्थल तावाभञ्ज्याङबाट सुरु भएको मुन्दुम ट्रेल आसपासका वनमा फुलेका लालीगुराँस, चिमाल तथा चाँप हेर्न यतिबेला आन्तरिक तथा बाह्य पर्यटक मुन्दुम ट्रेल आउने गरेको स्थानीयले बताएका छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/204134**

## मुन्दुम ट्रेल : पर्यटक तान्दै ‘गुराँस’

नेपाल सरकारले निर्धारण गरेको १०० वटा पर्यटकीय गन्तव्यमा पर्ने ‘मुन्दुम ट्रेल’ पदमार्गमा यतिबेला थरिथरिका गुराँस फुलेका छन् । मुन्दुम ट्रेल आसपासका एउटै वन तथा पाखामा विभिन्न रङ र प्रजातिका गुराँस ढकमक्क फुलेको देख्दा त्यहाँ पुग्ने जो कोही पनि लोभिन्छन् । मुन्दुम ट्रेल आसपासका हरिया वन तथा घाँसेमैदान क्षेत्रमा ढकमक्क भएर फुलेका गुराँसको रातो, सेतो र गुलाबी रङ मिसिँदा देखिने दृश्यले जो कोहीको मनलाई मोहित बनाउने गरेको छ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/mundum-trail-guraans-attracting-tourists-66-25.html**

## आरोग्य पर्यटन रणनीति : बन्ला स्वास्थ्य र पर्यटन सेतु ?

सरकारले सन् २०२७ लाई ‘आरोग्य पर्यटन वर्ष’ घोषणा गरेको छ । साथै, मुलुक १० वर्षे आरोग्य पर्यटन रणनीति (सन् २०२६-२०३५) र ५ वर्षे कार्ययोजना (सन् २०२६-२०३०) सहित आरोग्य पर्यटन प्रवर्द्धनमा होमिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार आरोग्य पर्यटन माध्यमबाट कुल चार विधामा काम गर्न खोजिएको छ । जसमा स्पा र मसाज, आयुर्वेद क्लिनिक, योग र ध्यान तथा प्राकृतिक उपचार र आध्यात्म छन् । यी विधा व्यवस्थित गर्न मन्त्रालयले आचारसंहिता समेत समेटेको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1922764/health-tourism-strategy-will-it-become-a-bridge-between-health-and-tourism**

## बादलपारिको यात्रा

‘तिमी अहिले ध्यानको मार्ग गरी बादल काटी आयौ र भेट्यौ आफ्नै भित्रको मलाई, म तिमीभित्रै छु सधैं चन्द्रमा जस्तै- तिम्रा आसक्तिका बादलहरूले ढाकिएको ।’ म विपश्यनाको चौथो दिनको ध्यानमा थिएँ । आँखाको ढकनी बन्द गरेपछि विचारतरंग र पूर्वस्मृतिहरूको साम्राज्य झन् विशाल थियो। मन कथा सुन्थ्यो, स्मृतिका विस्मृत कोठाहरूभित्र लैजान्थ्यो- नाटक देखाउँथ्यो। बाल्यकालदेखि यस प्रौढावस्थासम्मका असल, खराब, सुकिला र अँध्यारा विचित्र घटनाहरूका अनगिन्ती अध्यायसँग पुन : पटकपटक साक्षात्कार गराउँथ्यो । बाँकी... स्रोत : **https://annapurnapost.com/story/499088/**

## जनकपुरधाम धार्मिक पर्यटन केन्द्र बन्दै

मैथिली भाषाको कर्णप्रिय गीत "याह छी हमर जनकपुर, यी जनकक गाम जनकपुर..." प्राय: बिहान सबेरै जनकपुरधाम क्षेत्रमा गुन्जिने गर्दछ, जसले यहाँको सांस्कृतिक जीवन्तता झल्काउँछ। धार्मिक, ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको प्राचीन सहर जनकपुरधाम पछिल्ला वर्षहरूमा प्रमुख धार्मिक पर्यटन गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ । मधेश प्रदेशको राजधानीसमेत रहेको जनकपुरधाम प्राचीन मिथिला राज्यका राजा जनकको राजधानी, भगवान् रामको ससुराली तथा आदर्श नारी सीताको जन्मस्थलका रूपमा परिचित छ । यस कारण यहाँको धार्मिक महत्व अत्यन्त उच्च मानिन्छ । बाँकी...

स्रोत : **[https://gorkhapatraonline.com/news/203385](https://gorkhapatraonline.com/news/203385)**

## संस्कृत व्याकरणका सूत्रधारको तपस्यास्थल प्रवर्द्धनमा ऐक्यबद्धता

संस्कृत व्याकरणका सूत्रधार पाणिनि ऋषिको तपस्यास्थल अर्घाखाँचीको पाणिनि तपोभूमि क्षेत्रलाई प्रवर्द्धन गर्न काठमाडौँमा छलफल भएको छ ।  छलफलमा सहभागी सरोकारवालाहरूले संस्कृत व्याकरणका १४ सूत्रका प्रणेता महर्षि पाणिनिको महत्वबारे चर्चा गर्दै तपोभूमि क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नु पर्नेमा जोड दिए । उनीहरुले तपोभूमि क्षेत्रलाई अध्ययन तथा अनुसन्धान केन्द्रको रूपमा विकास गर्नुपर्ने, सांस्कृतिक, धार्मिक, जैविक, प्राकृतिक पर्यटकीय केन्द्रको रूपमा विकास गर्नुपर्ने, संस्कृत व्याकरण, साहित्यका विश्वका विद्वानहरूलाई आकर्षित गर्नुपर्ने लगायतका योजनाहरू प्रस्तुत गरेका थिए । बाँकी...

स्रोत : **[https://www.ratopati.com/story/559723/solidarity-in-promoting-the-ascetic-retreat-of-the-founder-of-sanskrit-grammar](https://www.ratopati.com/story/559723/solidarity-in-promoting-the-ascetic-retreat-of-the-founder-of-sanskrit-grammar)**

## पोर्चुगलमा विशेष कार्यक्रमका साथ बुद्ध जयन्ती मनाइँदै

विश्व शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको २५७० औं जन्मजयन्ती पोर्चुगलमा विशेष कार्यक्रमका साथ मनाइने भएको छ । नेपाल आदिवासी जनजाति महासंघ पोर्चुगलको आयोजनामा यही मे, १ (शुक्रबार)का दिन राजधानी लिस्बनमा विशेष कार्यक्रमका साथ बुद्ध जयन्ती मनाउन लागिएको हो । बुद्धजयन्तीको अवसरमा लिस्बनको आन्जोसस्थित जिनासीयो क्लबको हलमा बुद्धको विशेष पूजा-आराधना गरिनेछ भने बौद्ध धर्मगुरुद्वारा ध्यान तथा प्रवचनसमेत हुने बताइएको छ । बाँकी...

स्रोत : **[https://www.ratopati.com/story/560066/buddha-jayanti-being-celebrated-with-special-programs-in-portugal](https://www.ratopati.com/story/560066/buddha-jayanti-being-celebrated-with-special-programs-in-portugal)**

## समृद्धिको राष्ट्रिय आधार बन्न सक्छ लुम्बिनी

आज २५७०औं बुद्ध जयन्ती । शान्तिका अग्रदूतका रूपमा विश्वमा परिचित गौतम बुद्धसँग जोडिएको यो दिन नेपाली मात्र होइन, संसारभर रहेका सबै शान्तिप्रिय नागरिकका लागि विशेष दिन हो । नेपालमा प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ती मनाइन्छ । इसापूर्व ५६३ अर्थात् आजभन्दा २५७० वर्षअघि रूपन्देही जिल्लास्थित लुम्बिनी उद्यानमा पिता राजा शुद्धोधन र माता मायादेवीको गर्भबाट वैशाख शुक्ल पूर्णिमाका दिन एउटा बालकको जन्म भएको थियो । जसको नामकरण सिद्धार्थ गौतमका रूपमा भयो । कालान्तरमा तिनै सिद्धार्थ भगवान बुद्धका रूपमा कहलिए । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/05/1922191/lumbini-can-become-a-national-foundation-for-prosperity](https://www.onlinekhabar.com/2026/05/1922191/lumbini-can-become-a-national-foundation-for-prosperity)**

## बजेटमा करको दर घटाएर राजस्व बढाउने उपाय खोजिँदै

अर्थमन्त्री स्वर्णिम वाग्लेले आगामी बजेट नीतिगत सुधार, करको बोझ घटाउने, सुशासन प्रवर्द्धन गर्ने र निजी क्षेत्रको लगानी आकर्षित गर्नेमा केन्द्रित हुने बताएका छन्। कर घट्दा राजस्व घट्छ भन्ने परम्परागत सोचमा सरकार नरहेको र करको दर घटाएर पनि राजस्व बढाउन सकिने उनको भनाइ छ। बाँकी...
स्रोत : **https://ekantipur.com/business/2026/05/01/budget-seeks-ways-to-increase-revenue-by-reducing-tax-rates-07-03.html**

## बन्दीपुरमा गाउँ पर्यटन मेला, गण्डकीको संस्कृति एकै थलोमा

पर्यटकीय नगरी तनहुँको बन्दीपुरमा आज शुक्रबारदेखि दुई दिने 'गाउँ पर्यटन मेला' सुरु भएको छ । गण्डकी प्रदेशका १० जिल्लाका ३० भन्दा बढी सामुदायिक होमस्टेका प्रतिनिधि तथा कलाकारहरू आ-आफ्ना जिल्लाका मौलिक पहिचान, संस्कृति र रैथाने स्वादसहित बन्दीपुर पुगेपछि यहाँको पर्यटकीय रौनक बढेको छ। नेपाल पर्यटन बोर्ड र बन्दीपुर गाउँपालिकाको संयुक्त आयोजनामा सुरु भएको मेलामा ग्रामीण जीवनशैली, उत्पादन प्रदर्शनी तथा मौलिक परिकारको स्वाद लिन छिमेकी जिल्लाबाट समेत पर्यटकहरूको घुइँचो लागेको छ । बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले भन्नुभयो, "गण्डकीका विभिन्न जिल्लाबाट आउनुभएका पाहुना र पर्यटकहरूको सङ्गमले आज बन्दीपुर साँच्चिकै मिनी गण्डकी प्रदेश जस्तो देखिएको छ ।" बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/203881**

## पर्यटकको मुख्य गन्तव्य 'रेसुङ्गा पार्क'

गुल्मीको धार्मिक, ऐतिहासिक एवम् पर्यटकीय स्थल रेसुङ्गा क्षेत्रको गर्जुरास्थित 'रेसुङ्गा पार्क' आन्तरिक पर्यटकको आकर्षणसँगै मुख्य गन्तव्य बनेको छ । जैविक विविधताको संरक्षण गर्दै निर्माण गरिएको यस पार्कले प्राकृतिक सौन्दर्य, शान्त वातावरण र वनभोज स्थलका कारण पर्यटकलाई आकर्षित गरेको हो । करिब ३ दशमलव ९६ हेक्टर क्षेत्रफलमा फैलिएको पार्क संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र रेसुङ्गा नगरपालिकाको साझेदारीमा ६ करोडको लागतमा निर्माण गरिएको हो । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/203714**

## गुराँसको राजधानी भरिभराउ, होटल नपाएर फर्कंदै पर्यटक

कोशी प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य तीनजुरे-मिल्के-जलजले (टीएमजे) क्षेत्र यतिबेला रंगीचंगी गुराँस ढकमक्क फुलेर दुलहीझैं सिंगारिएको छ। वसन्त ऋतुको आगमनसँगै प्रकृतिको अनुपम सौन्दर्यले भरिपूर्ण बनेको यस क्षेत्र अहिले पर्यटकले खचाखच भरिएको छ। गुराँसको राजधानीका रूपमा चिनिने टीएमजेमा बढी मात्रामा आन्तरिक र कम मात्रामा बाह्य पर्यटकहरूको घुइँचो लाग्दा होटलहरू भरिभराउ भएका छन् भने हजारौं पर्यटक बास नपाएर फर्किन बाध्य भएका छन्। बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/04/1919882/gurans-capital-is-full-tourists-are-returning-home-without-finding-hotels**

## १० वर्षे राष्ट्रिय आरोग्य पर्यटन रणनीति तयार : सन् २०३० पछि १० हजार आरोग्य पर्यटक ल्याउने लक्ष्य

सन् २०३० पछि वार्षिक १० हजारभन्दा बढी आरोग्य पर्यटक भित्र्याउने लक्ष्यसहित  सरकारले पहिलोपटक १० वर्षे रणनीति तयार पारेको छ । उनीहरूबाट वार्षिक २ देखि ३ करोड अमेरिकी डलर आम्दानी गर्ने लक्ष्य रणनीतिको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले 'राष्ट्रिय आरोग्य पर्यटन रणनीति (सन् २०२६-२०३५ सम्म) तथा कार्ययोजना (सन् २०२६-२०३०)' तयार गरेको हो । बाँकी...

स्रोत : **[https://abhiyandaily.com/news/458192/10-year-national-health-tourism-strategy-prepared--target/](https://abhiyandaily.com/news/458192/10-year-national-health-tourism-strategy-prepared--target/)**

## पर्यटकहरुको आकर्षणको केन्द्र बन्दै पर्सा राष्ट्रिय निकुञ्ज

नेपालमा पाइने रैथाने हात्तीको प्रमुख वासस्थान मानिएको पर्सा राष्ट्रिय निकुञ्जमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्दै गएको छ । प्राकृतिक सुन्दरतासँगै वन्यजन्तुको गर्न सकिने जैविक विविधताको धनि मानिएको सो निकुञ्जमा आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटकहरु आउने क्रम बढेको हो। पर्यटकीय सम्भावना र पूर्वाधारको विकासलाई आधार बनाएर सरकारले यसलाई गत २०७४ सालमा नेपालको १२ औँ निकुञ्जको रुपमा घोषणा गरिएको थियो । पर्सासहित बारा र मकवानपुर जिल्लासँग जोडिएको सो निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकको लागि खुल्ला गरिएको छ । चैत महिनासम्म बढी पर्यटक आउँछन्, वर्षा मौसम सुरु भएपछि बन्द हुन्छ। वैशाखदेखि असोज महिनासम्म पर्यटक खासै आउँदैन", उहाँले भन्नुभयो । बाँकी...

स्रोत : **[https://gorkhapatraonline.com/news/203384](https://gorkhapatraonline.com/news/203384)**

## सगरमाथा आधार शिविरमाथिको 'डेडलक' खुल्यो, अघि बढे आइसफल डाक्टर

विश्वको सर्वोच्च शिखर सगरमाथामा नियमित रुटबाट बाटो बनाउन गएका 'आइसफल डाक्टर' हरू झन्डै तीन सातादेखि आधार शिविरमाथि रोकिन पुगे । यसपालि वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि चुचुरोसम्म बाटो बनाउन गएका आइसफल डाक्टरहरू आधार शिविरबाट माथि र क्याम्प १ बीचको खुम्बु आइसफलमा झरेको हिउँको ठूलो ढिस्कोका कारण रोकिएका थिए। बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/04/1920182/deadlock-over-everest-base-camp-broken-icefall-doctor-moves-forward](https://www.onlinekhabar.com/2026/04/1920182/deadlock-over-everest-base-camp-broken-icefall-doctor-moves-forward)**

## सुनसान नमस्ते झरना : पुनर्निर्माणको पर्खाइमा प्राकृतिक गन्तव्य

पूर्वी पहाडको धनकुटा जिल्लामा अवस्थित नमस्ते झरना कुनै समय आन्तरिक तथा भारतीय पर्यटकहरूको रोजाइमा पर्ने प्रमुख गन्तव्य थियो। गर्मी मौसम सुरु भएसँगै झरनामा आन्तरिक तथा भारतिय पर्यटकको घुइँचो लाग्थ्यो । चिसो पानीमा पौडी खेल्ने, झरनाको काखमा बनेको प्राकृतिक पोखरीमा रमाउने र परिवार तथा साथीभाइसँग रमाइलो गर्नेहरूको भीडले यो क्षेत्र सधैं जीवन्त रहने गरेको थियो । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/04/1920632/deserted-namaste-waterfall-a-natural-destination-awaiting-restoration](https://www.onlinekhabar.com/2026/04/1920632/deserted-namaste-waterfall-a-natural-destination-awaiting-restoration)**

## तस्वीर र भिडियोमा बार्सिलोनाको 'मिनी नेपाल'

'यो कुन देशको संगीत हो ?' मेट्रोको मुखबाट बाहिर निस्कँदै गर्दा हातमा नक्सा समातेकी फ्रान्सकी पर्यटक क्लेयरको जिज्ञासा यही थियो । उनले छेउमै उभिएका अनलाइनखबरकर्मीसँग प्रश्न गरिन् । 'नेपाल,' जवाफ आयो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1920617/barcelonas-mini-nepal-in-pictures-and-videos**

## Everest route through Khumbu Icefall finally opened after 19-day delay

After 19 days of delay in preparing the route to climb Everest, there is finally some relief for hundreds of climbers and guides who have been waiting anxiously at base camp. बाँकी... स्रोत : **https://kathmandupost.com/national/2026/04/29/everest-route-through-khumbu-icefall-finally-opened-after-19-day-delay**

## Nepalgunj to host first Tharu Food Festival from April 30

Nepalgunj city will host its first Tharu indigenous food festival beginning April 30, running for three days in an effort to preserve and promote the culinary traditions of the Tharu community. बाँकी...

स्रोत : **https://thehimalayantimes.com/nepal/nepalgunj-to-host-first-tharu-food-festival-from-april-30**

## भारतीय विदेश सचिव विक्रम मिस्री काठमाडौं आउँदै

भारतका विदेश सचिव विक्रम मिस्री यही मे ११ र १२ गते दुई दिने औपचारिक भ्रमणका लागि काठमाडौँ आउने भएका छन् । विदेश सचिव नियुक्त भएपछि यो उनको दोस्रो नेपाल भ्रमण हुनेछ । परराष्ट्र मन्त्रालय स्रोतका अनुसार भ्रमणका क्रममा उनले नेपाल सरकारका वरिष्ठ मन्त्रीहरू तथा उच्च सरकारी अधिकारीहरूसँग द्विपक्षीय हित, विकास सहकार्य र समसामयिक क्षेत्रीय मुद्दाबारे छलफल गर्ने कार्यक्रम रहेको छ । यद्यपि, प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्ताको औपचारिक टुङ्गो भने अझै लागिसकेको छैन । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/27/765741/**

## रसुवागढी हुँदै मानसरोवर यात्रा सुरु

नेपाल-चीन सीमा नाका रसुवागढी हुँदै पवित्र धार्मिकस्थल मानसरोवर तथा कैलाश पर्वतको तीर्थयात्रा सुरु भएको छ । यस याममा हालसम्म तीन सय तीर्थयात्री चीनको केरुङ नाका हुँदै मानसरोवरतर्फ प्रस्थान गरिसकेको अध्यागमन कार्यालय टिमुरेले जनाएको छ । कार्यालयका निमित्त प्रमुख मेघनाथ शर्माका अनुसार यस वर्ष भारतीय, रुसी तथा बेलायतका नागरिकसमेत मानसरोवर यात्रामा सहभागी भएका छन् । गत वर्ष रसुवागढी नाका भएर ११ हजार ३८१ तीर्थयात्री मानसरोवर, कैलाश गएको अध्यागमन कार्यालयको तथ्याङ्कले देखाएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/560664/mansarovar-pilgrimage-begins-via-rasuwagadhi**

## स्थानीय परिकार प्रवर्द्धन गर्न नेपालगन्जमा स्ट्रिट फुड एन्ड बेभरेज फेस्टिभल

स्थानीय परिकार प्रहिचान र प्रवर्द्धन गर्ने उद्देश्यले नेपालगन्जमा स्ट्रिट फुड एन्ड बेभरेज फेस्टिभल आयोजना गरिएको छ । नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा बाँकेका होटल व्यवसायी संघ र होटल संघ नेपालको संयुक्त आयोजनामा शुक्रबारदेखि सुरु फेस्टिभल आइतबारसम्म चल्नेछ । सुर्खेत रोडस्थित सुशील कोइराला स्मृति गेटदेखि पश्चिम वाटरपार्क क्षेत्रसम्म महोत्सव सञ्चालन भइरहेको छ । कँडेलले बताए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1918789/street-food-and-beverage-festival-in-nepalgunj-to-promote-local-dishes**

## समुन्नतिको प्रस्थानविन्दु

अमेरिकी पूर्वराष्ट्रपति अब्राहम लिङ्कनको उत्प्रेरक भनाइ छ, "तपाईं आज पन्छिएर भविष्यको जिम्मेवारीबाट उम्किन सक्नुहुन्न ।" देशलाई गृहयुद्धको सङ्कटबाट पार गराई सुशासन र समुन्नतिको नवीन इतिहास निर्माण गर्ने महान् नेता लिङ्कनको यो भनाइ सरल छ तर सन्देश गहन । हरेक देशको जीवनमा आउने सङ्कटको समाधान तत्कालै खोज्नु पर्छ । वर्तमानलाई सङ्कटमै छोडेर भविष्यमा समुन्नति र आर्थिक विकासको यात्रा तय गर्न सकिँदैन । यो प्रेरणापथमा अघि बढ्नुपर्ने दायित्वका माझ नेपाल युगान्तकारी रूपान्तरणको सँघारमा छ । नेपालको समकालीन राजनीति ऐतिहासिक दोसाँधमा उभिएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/203179**

## 'नेपालका कम्युनिस्टमा वामपन्थी चरित्र नै छैन'

पछिल्लो निर्वाचनबाट नेपालका कम्युनिस्ट पार्टीहरू निकै खुम्चिएका छन् । विगतमा झन्डै दुई-तिहाइ बहुमत ल्याउन सफल पार्टीहरूको आजको यो पोजिसनलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ? कतिपयले त उनीहरू २०१५ सालकै अवस्थामा पुगेको टिप्पणी गरिरहेका छन् नि ? म कम्युनिस्ट पार्टीको संसदीय पोजिसन के छ भन्दा पनि वामपन्थी वा समाजवादी आन्दोलनको अवस्था कस्तो छ भन्ने कुरामा बढी चासो राख्छु । हाम्रो संविधानमै 'समाजवाद' लेखिएको छ र निर्वाचन जित्ने-हार्ने सबैजसो दलका दस्तावेजमा समाजवाद उल्लेख छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1915619/nepals-communists-have-no-leftist-character**

## अध्यादेश ल्याउँदै सरकार

सरकारले अध्यादेश ल्याउने तयारी गरेको छ । आह्वान भइसकेको संसद् अधिवेशन स्थगित गरेर सरकारले अध्यादेश ल्याउने तयारी गरेको हो । सोमबार दिउँसो बस्ने मन्त्रिपरिषद् बैठकमा अध्यादेश ल्याउने तयारी भएको स्रोतले अनलाइनखबरलाई जानकारी दिएको छ । संवैधानिक परिषद् लगायतका अध्यादेश ल्याउन लागिएको हो । सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले १७ वैशाखका लागि संघीय संसद्को अधिवेशन आह्वान गरेका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1919391/government-bringing-ordinance**

## एक हजार ५९४ पदाधिकारी पदमुक्त हुने

राष्ट्रपति रामचन्द्र पौडेलले 'सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३, स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ र विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३  जारी गर्नुभएको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/204083**

## एकै झट्कामा १२०० भन्दा धेरै राजनीतिक नियुक्ति खारेज गर्दै सरकार

विगतमा राजनीतिक निकटता, सत्ता र शक्तिको पहुँचमा दिलाइएका राजनीतिक नियुक्तिमाथि शक्तिशाली रास्वपा सरकारले ठुलो सफाइ अभियान चलाउन लागेको छ। सरकारले विभिन्न अध्यादेशमार्फत एकै झट्कामा १५० भन्दा बढी निकायमा रहेका १२०० भन्दा धेरै राजनीतिक नियुक्ति खारेज गर्न लागेको हो। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/193920/2026-04-30**

## एउटै अध्यादेशले १२ सयभन्दा बढी अधिकारी पदमुक्त

राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार जारी गरेको 'सार्वजनिक पदाधिकारीहरूको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था गर्न बनेको अध्यादेश, २०८३' ले दर्जनौं सार्वजनिक निकायमा कम्पन सिर्जना गरेको छ॥ बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/02/a-single-ordinance-removed-more-than-1200-officials-from-their-posts-00-22.html**

## संसद् जीवन्त बनाउने दायित्व

दाजुभाइबिचको झगडा सधैँ कुल (परिवार) को नाशको कारण बन्छ अर्थात् आफ्नो नाताभित्र हुने विवादले बाहिरी शत्रुबाट हुनेभन्दा पनि ठुलो क्षति पुर्‍याउँछ। संस्कृतको यो नीतिवचन यतिबेला नेपालको राजनीति र त्यसमा पनि नेपाली कांग्रेसमा विकसित पछिल्लो परिस्थितिसँग मिल्दोजुल्दो छ । हुन पनि जब जब कांग्रेस पार्टीभित्र विवाद उत्पन्न हुन्छ, त्यसले पार्टीको छवि कमजोर बनाउँदै लैजान्छ। पार्टीभित्र एकता र सहकार्यको भावना कमजोर हुँदा स्वाभाविक रूपमा उसका प्रति नागरिकको विश्वास कमजोर हुँदै जान्छ। त्यसबाट अन्ततः विपक्षी शक्तिले फाइदा उठाउँछन्। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/203176**

## शिक्षाको माटो, न्यायको बाटो

देशैभरि सार्वजनिक अतिक्रमित छ र अहिले वालेन्द्र शाह नेतृत्व सरकार अतिक्रमणमा डोजर चलाइरहेको छ। काठमाडौंका खोला किनारका बस्ती हटाइएका छन्। तर, अतिक्रमण राजधानीमा मात्रै सीमित छैन। देशका कुना कुनामा छ। सरकारी उद्योगधन्दा, कलकारखनाका जमिन अतिक्रमित छन्। प्राज्ञिक र शैक्षिक संस्थाका जमिनमा पनि अर्कैको कब्जा छ। त्रिभुवन विश्वविद्यालयको जमिन अतिक्रमण हटाउन पहल भइरहँदा छायाँमा परेको छ, संस्कृत विश्वविद्यालयको जमिन। सार्वजनिक संस्थामध्ये सम्भवतः देशमै सबैभन्दा धेरै यही संस्थाको जमिन अतिक्रमणमा परेको हुन सक्छ। १६ सय बिघा संस्कृत विश्वविद्यालयको जमिन हो, जसको पोत पनि उसले बुझाइरहेको छ। तर, १३ सय ३६ बिघामा अरूहरूकै भोगचलन छ। बाँकी... स्रोत : **https://www.annapurnapost.com/story/499121/**

## ‘चुनावपछि धेरैले भन्नुभएको छ- भक्तपुरमा बल्ल लोकतन्त्रको अनुभूति भयो’

फागुन २१ को प्रतिनिधिसभा निर्वाचनपछि रुकेश रन्जितको सामाजिक अभियन्ता, रक्तदान अभियन्ता र व्यवसायीको छवि सांसदको रूपमा परिणत भयो । राष्ट्रिय स्वतन्त्र पार्टीको भक्तपुर जिल्ला सचिव समेत रहेका रन्जित चुनावपछि थप चर्चामा आए । कारण हो, ३५ वर्षदेखि नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को किल्ला रूपमा चिनिँदै आएको भक्तपुर निर्वाचन क्षेत्र नम्बर १ मा उनको सानदार विजय, नेमकिपा रिङ आउट । धेरैका लागि अपत्यारिलो थियो यो निर्वाचन परिणाम । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/559769/after-the-election-many-have-said-that-democracy-has-finally-been-felt-in-bhaktapur**

## चट्टान फोडेर पानीघट्टका चक्का बनाइरहेका ६३ वर्षीय पुरानाराम

सल्यानको सिद्ध कुमाख गाउँपालिका-३ फँलाटेका ६३ वर्षीय पुरानाराम रेउले परम्परागत पानी घट्ट बनाउने पेसाबाट परिचित छन् । ४७ वर्षअघि सुरु गरेको यो पेसालाई उनले अहिले पनि निरन्तरता दिइरहेका छन् । कडा चट्टान फोडेर छिनो र हथौडाको सहारामा ढुङ्गा कुदेर पानी घट्टको चक्का, जातोको चक्का र सिलौटो बनाउनु उनको दैनिकी हो । शारीरिक अस्वस्थताकाबीच पनि रेउलेले घर चलाउन यो पेसा छोडेका छैनन् । उनी दमको बिरामी छन् । ‘१६ वर्षको उमेरदेखि यो पेसा गर्दै आएको छु । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1919184/63-year-old-puranaram-is-making-panighatta-wheels-by-breaking-rocks**

## महिला मुद्दाकी अथक् वकिल

श्रीना नेपाल (२५) ले कक्षा ८ पढ्दै गर्दा एउटा सानो कविताको किताब निकालिन् । र, किताबको पछाडि पानामा लेखिन्, ‘मैले समाजलाई केही दिनुपर्छ ।’ त्यतिबेलै आफ्नो भविष्यको गोरेटो कोरेकी श्रीना आज ‘काठमाडौं स्कूल अफ ल’को विद्यार्थी मात्र होइन, सर्वोच्च अदालतमा दर्जनौं सार्वजनिक हितको रिट हाल्ने युवा कानूनविद्, लेखक र अभियन्ता बनेकी छन् । स्यानिटरी प्याडमा लाग्ने ‘पिंक ट्याक्स’ हटाउनदेखि पेट्रोलको प्रदूषण करको दुरुपयोग रोक्न, सरोगेसी र आईभीएफ नियमन गर्न, कुमारी छेंको तोरण फिर्ता ल्याउन र महिलाको नागरिकता अधिकारसम्मका मुद्दामा उनी निरन्तर अदालत धाइरहेकी छिन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/personality/a-tireless-advocate-for-womens-issues**

## आयोग र नियामक गरी करिब २ दर्जन निकाय पदाधिकारीविहीन

राष्ट्रपतिले शनिवार जारी गरेको ‘सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३’का कारण नियामक निकाय र आयोग प्रकृतिका करिव दुई दर्जन निकाय खाली हुने भएका छन् । अध्यादेशले अधिकांश पेशाको नियमन गर्ने निकायका पदाधिकारी पदमुक्त हुने व्यवस्था गरेको छ । महान्यायाधिवक्ता पदेन अध्यक्ष हुने नेपाल कानून व्यवसायी परिषद मात्रै संशोधनमा परेको छैन । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1923397/about-2-dozen-bodies-including-the-commission-and-the-regulator-are-without-officials**

## सुकुमवासी : बालेनको 'शो-पीस' !

क्षणभंगुर बस्तीका अवला नागरिकहरू अहिले राज्यको न्यूनतम सुविधाविहीन लजमा निसास्सिरहेका छन् । हजारौं बालबालिकाको शिक्षाको दीप निभेको छ । सुत्केरीहरू चिसो भुइँमा भोलिका तिम्रा भोटरहरू बचाउन हरसम्भव मिहिनेत गरिरहेका छन् । यहाँ कुनै युद्ध चलिरहेको छैन ! तर, मनोहरा खोला किनार बस्तीको दृश्य देख्दा लाग्छ प्यालेस्टाइनमा इजरायलले बम खसाइसकेको छ । बस्तीका मान्छेहरू बमको छर्राबाट बच्नको लागि भागदौड गरिरहेका छन् । जिजीविषाका खातिर घरभित्रका लत्ताकपडा र अन्नपातहरू हत्तासिँदै तानिरहेका छन् । घिसारिरहेछन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1923042/sukumvasi-balens-show-piece**

## अब साइट र बजेट सुनिश्चित नभई ठेक्का लगाउन नपाइने, सरकारी खरिद सेवा कार्यालय स्थापना गर्ने

नेपालको सार्वजनिक खरिद प्रणालीमा रहेको झन्झटिलो प्रक्रिया र विकास निर्माणका आयोजनाहरू अलपत्र पर्ने प्रवृत्तिलाई अन्त्य गर्न सरकारले २० वर्षपछि सार्वजनिक खरिद ऐनमा व्यापक परिवर्तन गरेको छ । मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले बिहीबार साँझ 'सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३' जारी गरेसँगै खरिद प्रक्रियामा नयाँ युगको सुरुवात भएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/560365/now-contracts-will-not-be-awarded-without-ensuring-the-site-and-budget-and-a-government-procurement-service-office-will-be-established**

## नागढुंगा सुरुङमार्ग सञ्चालन गर्न सम्झौता, साउनदेखि सञ्चालनमा ल्याइने

लामो प्रतीक्षापछि नागढुंगा-सिस्नेखोला सुरुङमार्ग सञ्चालनका लागि बाटो खुलेको छ । सुरुङमार्गको सञ्चालन तथा व्यवस्थापनका लागि बुधबार नागढुंगा सुरुङमार्ग निर्माण आयोजना र सेवा प्रदायक युसिन-एआरटी जेभीबिच औपचारिक सम्झौता भएको आयोजना निर्देशक सौजन्य नेपालले जानकारी दिए । जिम्मा पाएको छ । यो सुरुङ सञ्चालनका लागि तय गरेको कार्यतालिका अनुसार सन् २०२६ मे को दोस्रो सातासम्म (वैशाख अन्तिम) मा सेवा प्रदायक कम्पनी कार्यक्षेत्रमा परिचालन हुनेछ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/560384/agreement-signed-to-operate-nagdhunga-tunnel-to-be-put-into-operation-from-july**

## बेलायतले माथवरसिंह थापालाई भिसा नदिंदा

अनेकौं खेलचुक्ली, षड्यन्त्र र खुराफात नेपाली राजनीतिको विशेषता रहँदै आएको छ । नेपाली राजनीतिमा देखिएको यस्तो नियतिले नेपालीको शिर विश्वमा उँचो बन्न सकेको छैन । सर्वसाधारणका लागि शान्ति र समृद्धि मृगतृष्णा बनेको छ । इतिहासतिर फर्केर हेर्दा कुनै समय नेपालमा जो सत्ताको बागडोर सम्हाल्न पुग्थ्यो, उसको मरण कालगतिले हुँदैनथ्यो । आफ्नो ज्यान कतिखेर तल-माथि हुने हो; त्यो पत्तो हुँदैनथ्यो, तत्कालीन भारदारहरूलाई । पृथ्वीनारायण शाहपछि उनका छोरा नातिहरू गतिला शासक देखिएनन् । फलतः विभिन्न खलकका भारदारहरूले आपसमा शक्ति सङ्घर्ष गर्ने अवसर पाए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1923434/britain-refuses-to-grant-visa-to-mathwar-singh-thapa**

## स्वतन्त्र प्रेस बिना सुशासन, पारदर्शिता र जनविश्वास सुदृढ हुन सक्दैन : सञ्चारमन्त्री तिमिल्सिना

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले स्वतन्त्र प्रेस बिना सुशासन, पारदर्शिता र जनविश्वास सुदृढ हुन नसक्ने बताउनुभएको छ । विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा आज शुभकामना सन्देश जारी गर्नुहुँदै सञ्चारमन्त्री तिमिल्सिनाले स्वतन्त्र, निष्पक्ष तथा जिम्मेवार प्रेस लोकतन्त्रको आधारस्तम्भ भएकाले यसले सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्ने बताउनु भएको हो । सञ्चारमाध्यम केवल सूचना प्रवाह गर्ने माध्यम मात्र नभई राज्य, राजनीति, प्रशासन, निजी क्षेत्र र समाजलाई जवाफदेही बनाउने प्रमुख संस्था भएकाले स्वतन्त्रतासँगै उत्तरदायित्वलाई पनि गम्भीर भएर वहन गर्नुपर्ने उहाँले औंल्याउनु भएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/204133**

## सर्वसम्मत दलको नेता चयन गर्दै कांग्रेस

नेपाली कांग्रेसले आज (सोमबार) संसदीय दलको नेता चयन गर्दैछ । त्यसका लागि आज बिहान ११ बजे कार्यसम्पादन समितिको बैठक बोलाइएको छ । लगत्तै दिउँसो १ बजे संसदीय दलको बैठक बस्ने भएको छ । कांग्रेस कार्यवाहक मुख्य सचिव कृष्णप्रसाद दुलालले आजको बैठकको मुख्य कार्यसूची संसदीय दलको नेता चयन भएको जानकारी दिएका छन् । सहमतिको प्रयास भइरहेको भन्दै कांग्रेसले अझैसम्म पनि दलको नेता चयन गर्न सकेको छैन । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1919152/congress-unanimously-elects-party-leader**

## क्रिप्टोकरेन्सी : निषेधबाट नियमनतर्फ

क्रिप्टोकरेन्सीलाई हेर्ने वर्तमान दृष्टिकोणमा अब आधारभूत परिवर्तनको आवश्यकता देखिएको छ । अहिलेको बलियो सरकारका लागि यो प्रविधिलाई निषेध गर्ने कि नियमन गर्ने भन्ने विषयमा ठोस निर्णय लिने उपयुक्त अवसर हो ।मानव सभ्यता इतिहासमा विनिमयका माध्यम समयक्रमसँगै परिवर्तन हुँदै आएका छन् । वस्तु विनिमयबाट सुरु भएको यो यात्रा धातु मुद्रा, कागजका नोट हुँदै आज अभौतिक डिजिटल मुद्रासम्म आइपुगेको छ । विश्व अर्थतन्त्र यति छिटो डिजिटल बन्दैछ कि हिजो हामीले कल्पना गरेका प्रविधि आज जीवनको अभिन्न पाटो बन्दै गएका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1918982/cryptocurrency-from-prohibition-to-regulation**

## लन्डन म्याराथनमा गुन्यू चोलीमा दौडिएर अन्जुले बनाइन् विश्व रेकर्ड

४६ औं लन्डन म्याराथन नयाँ रेकर्ड कायम गर्दै आइतबार सम्पन्न भएको छ । विश्वको सबैभन्दा प्रतिष्ठित र समावेशी खेलकुद इभेन्टमध्ये एक लन्डन म्याराथनमा यस वर्ष ५९ हजार बढी धावकले २६.२ माइल (४२.२ किमी) लामो दौड पूरा गरे । गत वर्ष लन्डन म्याराथनमा कुल ५६,६४० ले दौड पूरा गर्दा गिनिज वर्ल्ड (विश्व रेकर्ड) कायम भएको थियो । यसपटक धावक संख्या झन् बढी रह्यो । साउथ इष्ट लन्डनको ब्ल्याकहिथ र ग्रीनवीचबाट सुरु भएको म्याराथन बकिङ्घम प्यालेस र हर्स गाड्र्स रोड नजिकै सेन्ट जेम्स पार्क आएर समापन भएको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1919094/anju-sets-world-record-by-running-in-a-gunyu-choli-at-the-london-marathon**

## 'बजेट २०८३' केन्द्रित अर्थ संगोष्ठी : आत्मनिर्भर अर्थतन्त्र र सुशासनमा जोड

नेपाल प्रथम राष्ट्रिय अभियानको आयोजनामा 'आत्मनिर्भर अर्थतन्त्र र सुशासनका लागि बजेट २०८३' विषयक एक दिवसीय अर्थ संगोष्ठी काठमाडौँमा सम्पन्न भएको छ । आगामी आर्थिक वर्षको बजेट निर्माणको पूर्वसन्ध्यामा आयोजित यस कार्यक्रममा मुलुकको आर्थिक सुधार र नीतिगत स्पष्टताका विषयमा घनिभूत छलफल गरिएको थियो । कार्यक्रममा प्रमुख वक्ताका रूपमा राष्ट्रिय योजना आयोगका निवर्तमान उपाध्यक्ष डा. प्रकाश कुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय सेडाका निर्देशक प्रा.डा. अर्जुन कुमार बराल र अर्थशास्त्र केन्द्रीय विभागका सह-प्राध्यापक डा. प्राम्शु नेपालको उपस्थिति रहेको थियो । बाँकी...

स्रोत : **https://samwadkhabar.com/news/14133**

## सुदूरमा स्वास्थ्य विश्वविद्यालय : सेवा अब झिक्कै-झिक्कै

शिक्षा जब समुदायमा पुग्छ, सेवा गाउँ-गाउँमा विस्तार हुन्छ र डिजिटल स्वास्थ्य प्रणालीले भौगोलिक दूरीलाई छोट्याउँछ, त्यसपछि सूदूरपश्चिम नाम मात्र होइन नेपालको स्वास्थ्य क्रान्तिको वास्तविक बिम्ब बन्नेछ । मुलुकको सुदूरपश्चिम क्षेत्रमा शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना हुनु शैक्षिक संरचना थपिनु मात्र होइन यो नेपालको स्वास्थ्य प्रणालीलाई रूपान्तरण एवं सहयोग गर्ने बलियो ऐतिहासिक टेको पनि हो । वर्ल्ड फेडेरेशन फर मेडिकल एजुकेशन २०१२ र वर्ल्ड हेल्थ अर्गनाइजेशन २०१० का अध्ययनले देखाएको मान्यता अनुरुप चिकित्सा शिक्षाको अन्तिम उद्देश्य भनेको नागरिकको स्वास्थ्य स्तरमा सुधार ल्याउनु हो ।

**https://www.onlinekhabar.com/2026/04/1919241/sudurma-health-university-service-now-sporadic**

## मन्त्रिपरिषद बैठक जारी, महत्वपूर्ण निर्णय हुने विश्वास

मन्त्रिपरिषदको बैठक सिंहदरबारमा जारी रहेको छ । प्रधानमन्त्रीको सचिवालयका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा केहीबेरअघि मन्त्रिपरिषद्को बैठक सुरु भएको हो । आजको बैठकबाट केही महत्त्वपूर्ण निर्णयसहित सरकारले अध्यादेश ल्याउने तयारी गरेको बुझिएको छ । संसद् बैठक स्थगित भएका बेला सरकारले अध्यादेश ल्याउने तयारी गरेको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/203259**

## भीष्मराज आङ्देम्बेलाई संसदीय दलको नेता बनाउने कांग्रेसको निर्णय

नेपाली कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले संसदीय दलको नेता भीष्मराज आङ्देम्बेलाई बनाउने निर्णय गरेको छ । उनलाई बैठकले सर्वसम्मत दलको नेता बनाउने निर्णय गरेको हो । सो निर्णयलाई अब बस्ने संसदीय दलको बैठकबाट अनुमोदन गर्ने तयारी छ । कांग्रेसले २०६४ सालको पहिलो संविधानसभा निर्वाचनपछि सर्वसम्मत दलको नेता चयन गर्न लागेको यो पहिलोपटक हो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1919368/congress-decides-to-make-bhishmaraj-angdembe-the-parliamentary-party-leader**

## राष्ट्रपति पौडेलबाट 'भानु साहित्य उद्यान' शिलान्यास

तनहुँको चुँदी रम्घामा 'भानु साहित्य उद्यान' शिलान्यास भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले भानु नगरपालिका ४ मा उद्यान शिलान्यास गरेका हुन् । नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्मभूमि चुँदी रम्घालाई नेपाली भाषा र साहित्यको अन्तर्राष्ट्रिय केन्द्र बनाउने लक्ष्यसहित 'भानु साहित्य उद्यान' निर्माण गर्न लागिएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1919377/president-lays-foundation-stone-of-bhanu-literary-park**

## पलाए आशाका किरण

नेपालमा धेरै शासक र शासन उदय भए । सुशासनको अनुभूति भने नेपालीले बिरलै गर्न पाए । बुढ्यौली शासक असफल भए, समय र प्रविधिमैत्री भएनन्, रूपान्तरण भएनन्, आमनागरिकका इच्छा, आकाङ्क्षा, समस्या सम्बोधन भएनन् भन्ने गुनासा सुन्न थालिएको धेरै भएको छ । आफैँले आफ्नो सार्वभौमसत्ता प्रयोग गरी चुनिएका जनप्रतिनिधि र उनीहरू आफैँले निर्माण गरेका विधि विधान, ऐन, कानुन, नीति नियम प्रभावकारी र अक्षरश: पालन भएनन् । सरकार, राज्यका सङ्घ संस्था, जनप्रतिनिधि जनता/मतादाताप्रति जवाफदेही, उत्तरदायी भएनन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/203175**

## महिला मन्त्री र सचिव भएकै मन्त्रालयबाट काबिल र इमान्दार महिला सहसचिवहरू नै लेखेटिए

सार्वजनिक प्रशासनमा एउटा स्थापित धारणा छ– महिला कर्मचारीहरू तुलनात्मक रूपमा इमानदार, सुशासनप्रेमी, अनुशासित र जिम्मेवार हुन्छन् । घुस, सेटिङ, अनियमितता र बिचौलियाको खेलमा पुरुष कर्मचारीहरूको संलग्नता बढी देखिने गरेको तथ्य लुकाउने विषय होइन । घुस खान होटलहरूको चोटाहरूमा महिला कर्मचारीहरू धाउँदैनन् । यसमा पुरुष कर्मचारीहरू नै अग्रपंक्तिमा देखिँदै आएका छन् । त्यसैले महत्वपूर्ण र संवेदनशील निकायको जिम्मेवारी अब महिला कर्मचारीहरूलाई दिनुपर्छ भन्ने मान्यतासमेत निजामती सेवामा विकास हुन थालेको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/04/27/765718/**

## 'नीतिगत भ्रष्टाचार, लेनदेन र आसेपासे पुँजीवादले अर्थतन्त्र अनुत्पादक चक्रमा'

मुलुकमा नीतिगत भ्रष्टाचार, लेनदेन र आसेपासे पुँजीवादले अर्थतन्त्र अनुत्पादक चक्रमा फसेको सरकारले औंल्याएको छ। उद्यमशीलता, प्रतिस्पर्धा र नवप्रवर्तनमार्फत आर्थिक वृद्धि हुनुको सट्टा, लाइसेन्स, ठेक्का र नियमनमार्फत हुने असुलीधन्दा राज्य-बजार सम्बन्धको विशेषता बन्न पुग्दा अर्थतन्त्र अहिलेको अवस्थामा पुगेको अर्थमन्त्री स्वर्णिम वाग्लेले सोमबार जारी गरेको आर्थिक स्थितिपत्रमा उल्लेख छ। यसले सक्षम उद्यमी र नयाँ प्रवेशकर्तालाई निरुत्साहित गर्दै अर्थतन्त्रलाई मूल्य सिर्जनाभन्दा पहुँच आधारित संरचनातर्फ उन्मुख गराएको अर्थमन्त्री वाग्लेको दाबी छ। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/04/28/political-corruption-transactions-and-crony-capitalism-have-driven-the-economy-into-an-unproductive-cycle-03-01.html**

## सुदूरका ढुङ्गामा शिलाको शिल्प

उमेरले ६० को नजिक पुग्न लागेकी शिला नेपाली (५८) को फुर्ती भने १६ वर्षे ठिटीको जस्तै छ । अनुहारको चमक, फुर्तिलो हाउभाउ, युग सुहाउँदो पहिरन र अङ्ग्रेजी मिश्रित बोलीचालीले उनलाई भेट्ने जो-कोहीलाई प्रभावित पार्छ। तर, बाहिरबाट जति चम्किलो देखिन्छ, उनको जीवनको सङ्घर्षको कथा कुनै वियोगान्त सिनेमाभन्दा कम छैन । टुटेको नर्स बन्ने सपना र शुरु भएको सङ्घर्ष । २०४१ सालमा कक्षा ८ पास गरेकी शिला आफ्नो जीवनमा नर्स बन्न चाहन्थिन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/personality/preeti-pandey-adhikari-the-great-lady-connecting-the-nepali-diaspora**

## सुदूरपश्चिमको पहिलो केबलकार : धमाधम काम हुँदै

सुदूरपश्चिम प्रदेशको पहिलो केबलकारको रूपमा जाल्पादेवी केबलकार निर्माण कम्पनीले निर्माण गर्न थालेको चिसापानी-राजकाँडा केबलकारको काम धमाधम भइरहेको छ। २०८२ साल पुसदेखि सुरु भएको केबलकारको बेसको काम सकिएर पिलर राख्नेकाम भइरहेको छ। १४ वटा पिलर र ३४ वटा गोन्दुला फिट गर्नुपर्नेमा अहिले ३ वटा पिलर लगाउने काम सकिएको छ। केबलकार सञ्चालक सूर्यबहादुर थापाले असारसम्म नभए दशैं सम्ममा केबलकार सञ्चालनमा आउने बताउनुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/203431**

## झण्डै दुई तिहाइलाई अध्यादेशको सहारा : किन छलियो संसद् ?

दुई तिहाइ बहुमतनजिक रहेको सरकारले संसद् अधिवेशन अन्त्य गरेर संवैधानिक परिषद्सम्बन्धी अध्यादेशका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपतिबाट आह्वान भइसकेको संसद् अधिवेशनसमेत स्थगित गर्दै संवैधानिक परिषद्सम्बन्धी र सहकारीसम्बन्धी अध्यादेश ल्याएको हो । हाल सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याउनुमा मुख्यतः संवैधानिक परिषद्मा प्रधानमन्त्री बालेन्द्र शाह अल्पमतमा रहेको कारण मान्न सकिन्छ। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/559830/nearly-two-thirds-resort-to-ordinances-why-was-parliament-deceived**

## केन्द्रिय सरकारको निर्णय स्थानीय तहद्वारा अवज्ञा

सरकारले स्थानीय तहको अधिकार खोज्न खोसेर शैक्षिक सत्र नै परिवर्तन गरेपछि त्यसको विरोध गर्दै हिजोबाट यो वर्षको शैक्षिक सत्र सुरु भएको छ । सरकारले वैशाख २१ बाट पठनपाठन सुरु गर्ने निर्णय गरेको थियो । सो निर्णयविपरीत वैशाख १५ बाटै शैक्षिक सत्र सुरु भएको छ। यसअघि वैशाख २ गतेबाट शैक्षिक सत्र सुरु हुने गरेको थियो । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले वैशाख १५ देखि भर्ना अभियान सुरु गरी २१ गतेबाट पढाइ सुरु गर्न सबै विद्यालयलाई सूचना जारी गरेको थियो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/04/29/765990/**

## अध्यादेशबाट शासन चलाउन खोज्दै सरकार

संसद्मा झन्डै दुई तिहाइ मतको बलमा बनेको बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकारले सहकारी र संवैधानिक परिषद्सम्बन्धी दुईवटा अध्यादेश जारी गर्ने तयारी गरेको छ। मंगलवार सिफारिसका लागि राष्ट्रपति कार्यालयमा पुऱ्याइएका ती अध्यादेशहरू राष्ट्रपतिले अध्ययन गरिरहनुभएको बुझिएको छ। यी अध्यादेशका विषय सार्वजनिक गरिएको छैन। संसद् नभएका बेलामा कुन अत्यावश्यक काम गर्नका लागि यी अध्यादेश आवश्यक परे भन्ने नखुलेको टिप्पणी गर्दै कानुनविद्हरूले आह्वान गरिसकेको संसद् अधिवेशन स्थगित गरेर सरकारले अध्यादेश ल्याउन खोज्नु संसदीय मर्यादा, संवैधानिक प्रक्रियाको हिसाबले सही नभएको बताएका छन्। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/29/765993/**

## शिशुवा-खुदीखोला सडक उद्घाटन

पोखरा महानगरपालिका वडा नं. ३० शिशुवादेखि सिसाघाटसम्मको सडक खण्डअन्तर्गत शिशुवा-खुदीखोला सडकको उद्घाटन गरिएको छ। नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागको समन्वय तथा विश्व बैंकको आर्थिक सहयोगमा पोखरा महानगरपालिकामा सञ्चालित नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजनाअन्तर्गत निर्मित उक्त सडकको नगर प्रमुख धनराज आचार्यले उद्घाटन गर्नुभएको हो। सो अवसरमा नगर प्रमुख आचार्यले पोखरा विकास साझेदारहरूको लगानी र परियोजना सञ्चालनका लागि प्राथमिकतामा रहेको बताउनुभयो। बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/04/28/765876/**

## सरकारी विज्ञापनमा एकाधिकार : सामुदायिक र निजी मिडियाको पीडा

नेपालको सञ्चार क्षेत्र विविधता, प्रतिस्पर्धा र स्वतन्त्रताको आधारमा अघि बढिरहेको छ। तर पछिल्लो समय देखिएको एउटा चिन्ताजनक प्रवृत्ति भनेको सरकारी विज्ञापनहरु मुख्यतः सरकारी मिडियामै केन्द्रित हुनु र सामुदायिक तथा निजी मिडियालाई तिरस्कार गरिनु हो। यो अवस्थाले सञ्चार क्षेत्रको सन्तुलन मात्र होइन, लोकतन्त्रको आधारभूत मूल्यहरुलाई समेत चुनौती दिइरहेको छ। सरकारी मिडियाहरु राज्यका आधिकारिक सूचनाहरु प्रवाह गर्ने माध्यमको रुपमा स्थापित छन्। ती मिडियाले सरकारका नीति, कार्यक्रम र निर्णयहरु जनतासम्म पुऱ्याउने काम गर्छन्। बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/04/28/765873/**

## १०० भन्दा धेरै कानुन ल्याउँदै सरकार

सरकारले परिणाममुखी कार्यसम्पादन गर्न आवश्यक कानुन निर्माण र संविधान संशोधनको प्रक्रिया सँगसँगैअघि बढाएको छ। संसद्मा प्रतिनिधित्व गरेका सबै दलका प्रतिनिधि रहेको संविधान संशोधन बहसपत्र कार्यदलले विज्ञहरूसँग छलफल गरिरहेको छ भने  मन्त्रालयहरूले आफ्नो कार्यक्षेत्रका लागि आवश्यक कानुनका मस्यौदा बनाउन थालेका छन्। सरकारको सयबुँदे कार्यसूची कार्यान्वयनका लागि कानुन मन्त्रालयले सबै मन्त्रालयसँग बनाउनुपर्ने कानुनहरूको सूची मागेको थियो। मन्त्रालयहरूबाट ११० विधेयकको सूची आएको कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्यालले बताए। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/193846/2026-04-29**

## संवैधानिक र सहकारीसम्बन्धी अध्यादेश सिफारिस, राष्ट्रपति पौडेल परामर्शमा

सरकारले संवैधानिक परिषद् र सहकारीसम्बन्धी अध्यादेश जारीका लागि राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको छ। सदन स्थगन गर्दै सिफारिस अध्यादेशहरूबारे राष्ट्रपति पौडेल परामर्शमा छन्। अध्यादेशका अन्तर्वस्तु सार्वजनिक भएका छैनन्। संवैधानिक परिषद् र सहकारीसम्बन्धीका दुईवटा अध्यादेश जारी गर्न सरकारले सोमबार (१४ वैशाख)मा निर्णय गरेर राष्ट्रपति पौडेललाई सिफारिस गरेको हो। अध्यादेशमाथि राष्ट्रपति पौडेलले परामर्श थालेको राष्ट्रपति कार्यालयका सचिव महादेव पन्थले बताए। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/193844/2026-04-29**

## गुटबन्दीले थिलथिलो कांग्रेसमा आङ्देम्बे कसरी बने सर्वसम्मत ?

नेपाली कांग्रेसको संसदमा प्रतिनिधित्वको संख्या घटेको बेला पूर्व सहमहामन्त्री भीष्मराज आङदेम्बेको भूमिका भने संसदीय दलको नेताका रुपमा विस्तारित भएको छ । आङदेम्बेलाई संसदीय दलको नेता सर्वसम्मत बनाउन भने कांग्रेसभित्र लामो गृहकार्यले सम्भव भएको छ । नेताहरु अर्जुन नरसिंह केसी, आङ्देम्बे, मोहन आचार्य लगायत संसदीय दलको नेताका मूख्य आकांक्षी थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1919762/how-did-angdembe-become-a-unanimous-figure-in-a-congress-torn-apart-by-factionalism**

## नेकपाले तोक्यो प्रदेश समिति इन्चार्ज र संयोजक

नेपाली कम्युनिस्ट पार्टीले प्रदेश समितिका इन्चार्ज र संयोजकहरू टुंगो लगाएको छ । पार्टीको केन्द्रीय कार्यसंयोजन समितिको बैठकले ७ भूगोल प्रदेश र २ गैरभौगोलिक प्रदेशमा इन्चार्ज र संयोजकहरू टुंगो लगाएको हो । कोशी प्रदेश इन्चार्जमा राजेन्द्र राई, मधेश प्रदेश इन्चार्जमा महिन्द्र राय यादव, बागमती प्रदेश इन्चार्जमा डा. गंगालाल तुलाधर, गण्डकी प्रदेश इन्चार्जमा श्रीनाथ बराल, लुम्बिनी प्रदेश इन्चार्जमा चक्रपाणि खनाल, कर्णाली प्रदेश इन्चार्जमा चन्द्रबहादुर शाही र सुदूरपश्चिम प्रदेशमा डा. भीम रावल छन् । यसैगरी उपत्यका विशेष प्रदेश इन्चार्जको जिम्मेवारी हितमान शाक्यले र सम्पर्क समन्वय प्रदेश इन्चार्जको जिम्मेवारी यशोदा सुवेदी गुरुङले पाएकी छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1919861/ncp-appoints-provincial-committee-in-charge-and-coordinator**

## 'भवन, जग्गा र अचल सम्पत्ति ३५ दिनभित्र खाली गरिदिनू'

त्रिभुवन विश्वविद्यालय आफ्नो स्वामित्वमा रहेको अतिक्रमित जग्गा खाली गर्न १८ निकायलाई पत्राचार गरेको छ । त्रिविको जग्गा अतिक्रमण गर्ने निकायको संख्या २२ छ । तर, १८ वटालाई मात्र पत्र पठाएको हो । त्रिविको सामान्य प्रशासन महाशाखाले आइतबार पत्र पठाएको हो । तर, सबैलाई पत्र पुगिसकेको छैन । त्रिविले महावीर पुनको राष्ट्रिय आविष्कार केन्द्रलाई पत्र पठाएको छैन । त्रिविले अतिक्रमण गरी बसेका संघसंस्थालाई ४ वैशाखमा ३५ दिने सूचना जारी गरेको थियो । त्रिविका उपकुलपति प्राडा दीपक अर्यालले १८ संघसंगठनको कार्यालयमा पत्र पुगेको जानकारी दिनुभयो । उहाँका अनुसार पत्र पुगेपछि थप प्रक्रिया अघि बढाइनेछ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/28/765843/**

## सशस्त्र प्रहरीको १३औं आईजीपीमा पौडेल

सरकारले सशस्त्र प्रहरी बल, नेपालको प्रमुख (आईजीपी) मा अतिरिक्त महानिरीक्षक (एआईजी) नारायणदत्त पौडेललाई बढुवा गर्ने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले पौडेललाई १३औं आईजीपीको जिम्मेवारी दिने निर्णय गरेको हो । उहाँले १८ वैशाखदेखि औपचारिक रूपमा आईजीपी पदको कमान्ड सम्हाल्नु हुनेछ । हालका आईजीपी राजु अर्यालको चारवर्षे कार्यकाल पूरा भई १८ वैशाखमा अवकाशमा जाँदै हुनुहुन्छ । आईजीपीमा अर्याल नियुक्त भएपछि एआईजीको रिक्त पदमा पौडेललाई २०७९ जेठ ६ मा बढुवा गरिएको थियो । सोही दिनदेखि उहाँ एआईजी तहमा रहेर काम गरिरहनुभएको छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/28/765846/**

## पूर्व विशिष्टले विदेशमा गरेको उपचार खर्च नपाउने

पूर्व विशिष्ट पदाधिकारीले विदेशमा उपचार गर्दा लागेको खर्च नपाउने भएका छन् । सर्वोच्च अदालतको संवैधानिक इजलासले विदेशमा गरेको उपचार खर्च नदिन आदेश दिएको छ । सोमबार सर्वोच्चका कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, डा. मनोजकुमार शर्मा, शारङ्गा सुवेदी र अब्दुल अजिज मुसलमानको संवैधानिक इजालसले सो आदेश दिएको हो । पूर्व विशिष्ट पदाधिकारीले स्वदेशमा गरेको उपचार खर्च भने पाउनेछन् । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/04/28/765852/**

## सरकारको एक महिनामा सुशासनको प्रत्याभूति

सरकारले शासकीय सुधार, जनमुखी र जवाफदेही राज्य प्रणाली बनाउने सङ्कल्पसाथ देशको समग्र रूपान्तरणको मार्गचित्र बनाएर कार्य आरम्भ गरेको छ । सरकार गठनको एक महिनामा सरकारले शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची एवं सुशासनको मार्गचित्र मन्त्रीपरिषद् बैठकबाट स्वीकृत गरी कार्यान्वयन अघि बढाएको हो । प्रधानमन्त्री वालेन्द्र शाहले कार्यभार समालेपछि २०८२ चैत १३ गते बसेको मन्त्रीपरिषद् बैठकले भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने तथा समग्र आर्थिक विकास र प्रशासनिक सुधारका लागि शासकीय सुधारका लागि १०० बुँदे कार्यसूची पनि स्वीकृत गरेको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/203329**

## 'आर्थिक सुधारको काम सुरु भइसक्यो'

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सरकारले आर्थिक सुधारका कदम अघि बढाइसकेको बताउनुभएको छ । नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधिसँगको सोमबारको भेटमा अर्थमन्त्री वाग्लेले राजस्व अनुसन्धान विभाग खारेज गरिसकिएको, करका दर घटाउने योजना रहेको भन्दै अब राजस्व बढ्न, रोजगारी सिर्जना हुन र अर्थतन्त्रको आकार विस्तार हुन आवश्यक रहेको बताउनुभएको हो । उहाँले सरकारले उदार नीति अवलम्बन गर्दै सबैलाई काम गर्न सक्ने वातावरण तयार गर्ने दिशामा अघि बढिरहेको प्रसङ्ग उल्लेख गर्दै आगामी बजेट व्यवसायी तथा आमनागरिकलाई हौसला मिल्ने खालको हुने धारणा राख्नुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/203325**

## संसद्मा तेजिला नेताको आगमन

नेतृत्व भनेको साझा लक्ष्य प्राप्त गर्न व्यक्तिलाई उत्प्रेरित गर्ने, प्रभावित पार्ने, उनीहरूको क्षमतालाई उजागर गर्ने र सङ्घर्ष गर्न उत्तेजित गर्ने कला र विज्ञान हो । विसं २०७९ सालको असारमा जन्मेको तत्कालीन कान्छो राजनीतिक दल राष्ट्रिय स्वतन्त्र पार्टीले २०७९ मङ्सिरको निर्वाचनमा आइपुग्दा २० सिट ल्यायो । त्यही दलले २०८२ फागुन २१ को संसदीय निर्वाचनमा झन्डै दुई तिहाइ बहुमत (१८२ सिट) प्राप्त गर्न सफल भयो । यो सबै नेपाली जनताले समर्थन र सहकार्य गरेकाले सम्भव भएको हो । जनता जनार्दन ! विसं २०८२ फागुन २१ को संसदीय निर्वाचनमार्फत इतिहासमै पहिलो पटक सबैभन्दा धेरै, भर्नौं बर्गेल्ती, नयाँ अनुहारका माननीय सांसद कानुन निर्माताका रूपमा सङ्घीय संसद्मा प्रवेश गरेका छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/203335**

## पूर्ण भयो संवैधानिक परिषद्, कानुनी रिक्तता कायमै

सोमबार प्रमुख प्रतिपक्ष कांग्रेसले संसदीय दलको नेतामा भीष्मराज आङदेम्बेलाई चयन गरेसँगै लामो समयदेखि रिक्त संवैधानिक परिषद्ले पूर्णता पाएको छ । ८ महिनादेखि संवैधानिक परिषद् रिक्त हुँदा सर्वोच्च अदालतको प्रधानन्यायाधीश, न्यायाधीश र अन्य संवैधानिक अंगमा पदाधिकारी सिफारिस हुन सकेको थिएन । संवैधानिक परिषद् प्रधानमन्त्रीको नेतृत्वमा ६ सदस्यीय हुने संवैधानिक व्यवस्था छ। जहाँ प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, विपक्षी दलका नेता र उपसभामुख सदस्य रहनेछन् । बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/04/28/constitutional-council-complete-legal-vacancy-remains-33-33.html**

## सुरु भयो कांग्रेस संस्थापनइतर समूहको बैठक

नेपाली कांग्रेसका निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले समूहको बैठक सुरु भएको छ । बैठकमा समूहका शीर्ष नेता, १४ औं महाधिवेशनमा विजयी केन्द्रीय सदस्य, जिल्ला सभापतिहरु र उपत्यकामा उपलब्ध क्षेत्रीय सभापतिहरु सहभागी भएका छन् । बैठक धुम्बाराहीस्थित होटल स्मार्टमा बसेको हो । यसअघि ६ वैशाखमा यही ठाउँमा भेला बोलाएर खड्काको समूहले पर्ख र हेरको रणनीति अपनाउने निष्कर्ष निकालेको थियो । विशेष महाधिवेशनबाट गगन थापा नेतृत्वमा पार्टी पुनर्गठन भएदेखि खड्का असन्तुष्ट देखिन्छन् । उनले विशेष महाधिवेशन खारेज गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर समेत गरेका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1920010/congress-establishment-group-meeting-begins**

## यो वर्षको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत

चालु आर्थिक वर्ष २०८२/८३ मा देशको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत हुने भएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यांकअनुसार यस आर्थिक वर्षमा अर्थतन्त्रको आकार ६६ खर्ब पुग्ने अनुमान छ। गत आर्थिक वर्षमा ४.६१ प्रतिशतको आर्थिक वृद्धिदर रहेर अर्थतन्त्रको आकार ६१ खर्ब ७ अर्ब पुगेको थियो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1919983/this-years-economic-growth-rate-is-3-85-percent**

## बागमतीमा प्रशासनिक पुनर्संरचना : ७ मन्त्रालय कायम गर्न नेकपाको सुझाव

बागमती प्रदेश सरकारले थालेको प्रशासनिक पुनर्संरचनामा साबिकको ७ मन्त्रालयको मोडलमा अघि बढ्न नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले सुझाव दिएको छ। नेकपा बागमती प्रदेशसभा संसदीय दलले प्रदेश सरकारको प्रशासनिक पुनर्संरचना प्रतिवेदनप्रति असहमति जनाउँदै मन्त्रालय सङ्ख्या ७ वटामा सीमित गर्न प्रस्ताव गरेको हो। दलका नेता शालिकराम जम्कट्टेलले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई सुझाव पत्र बुझाउँदै प्रशासनिक सुधारलाई प्रभावकारी, मितव्ययी र परिणाममुखी बनाउन आग्रह गरेका हुन्। बाँकी... स्रोत : **https://www.ratopati.com/story/559710/administrative-restructuring-in-bagmati-ncp-suggests-maintaining-7-ministries**

## कार्यदलको कानुनी हैसियतमाथि संविधानविद् र कानुनविदले उठाए प्रश्न

संविधान संशोधनका लागि 'बहसपत्र' तयार गर्न सरकारले बनाएको कार्यदलको कानुनी र संवैधानिक हैसियतमाथि संविधानविद् र कानुनविदहरुले प्रश्न उठाएका छन्। साथै उनीहरुले कानुनले नचिनेको र संसदमा प्रतिनिधित्व नगरेका व्यक्तिको नेतृत्वमा बनेको कार्यदलले तयार पार्ने बहसपत्र सरकारको नभएर व्यक्ति वा कुनै पार्टीको हैसियत भन्दा माथि नरहने बताएका छन्। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/559718/constitutional-experts-question-to-the-task-force-a-child-cannot-kill-his-own-mother**

## सेना-प्रहरीले पालिकासँग किन मागे सुकुमवासीको विवरण ?

वैशाख १२ गते काठमाडौंका खोला किनारका सुकुमवासी बस्ती भत्काइएको दिन सो क्षेत्र वरपर हतियारसहितका सेनासमेत देखिए। सेनाको उपस्थितिबारे व्यापक प्रश्न उठ्दा सैनिक अधिकारीले त्यसलाई 'संयोग'मात्र भने। तर अहिले नेपाली सेना र नेपाल प्रहरीले पालिकाहरुसँग अव्यवस्थित बसोबासी र सुकुमवासीहरुको विवरण माग गरेको विषय सार्वजनिक भएपछि त्यसको औचित्यबारे बहस सिर्जना भएको छ। कतिपयले त्यसलाई अधिकार क्षेत्रको दुरुपयोग भनेका छन् भने कतिपयले विवरण संकलन आवश्यक रहेको बताएका छन्। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1920219/why-did-the-army-and-police-ask-the-municipality-for-details-of-the-squatters**

## सरकारद्वारा दुई अध्यादेश जारी गर्न राष्ट्रपतिलाई सिफारिस

सरकारले दुई वटा अध्यादेश जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपतिसमक्ष सहकारी र संवैधानिक परिषद् सम्बन्धी दुई वटा अध्यादेश जारी गर्न सिफारिस गरेको हो। 'मन्त्रिपरिषद्बाट दुई अध्यादेश सिफारिस भएर आएको छ। यहाँ अध्ययन हुँदैछ,' राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले अनलाइनखबरसँग भने। अध्यादेशहरू आजै राष्ट्रपति कार्यालय शितलनिवास पुऱ्याइएको हो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1920191/government-recommends-to-the-president-to-issue-two-ordinances**

## पूर्णबहादुरको समीक्षा- २४ भदौको सिलसिला विशेष महाधिवेशन, विशेषकै जगमा रास्वपालाई दुई तिहाइ

नेपाली कांग्रेसका निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले कांग्रेसको विशेष महाधिवेशन भदौ २४ गतेकै निरन्तरता रहेको टिप्पणी गरेका छन् । कांग्रेस आधिकारिताबारे निर्वाचन आयोगको निर्णय पनि त्यसैको निरन्तरता भएको बताउँदै उनले त्यसैको जगमा रास्वपाले दुई तिहाइ बहुमत हासिल गरेको समीक्षा सुनाएका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1920218/purna-bahadurs-review-special-general-convention-to-be-held-on-24-bhadra-two-thirds-support-for-the-rashtriya-swayamsevak-sangh-rss-on-the-basis-of-the-special-convention**

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1920190/purna-bahadurs-briefing-the-root-cause-of-congresss-downfall-is-the-special-general-convention-the-leaders-are-the-main-culprits**

## मल्चिङ प्रविधिसँगै फस्टाउँदै अकबरे खेती

तेह्रथुमको छथर गाउँपालिका-१ मा पछिल्ला केही वर्षयता देखिएको कृषि रूपान्तरणले गाउँको मुहार मात्र होइन, किसानको जीवनशैली नै परिवर्तन गर्न थालेको छ । परम्परागत खेतीबाट सन्तोषजनक आम्दानी नहुँदा निराश बनेका किसानहरू अहिले आधुनिक प्रविधि र व्यावसायिक सोचतर्फ उन्मुख भएका छन् । यही परिवर्तनको सशक्त उदाहरण बनेका छन्-स्थानीय कृषक डिपी भट्टराई । धान, मकै र कोदो जस्ता परम्परागत बालीमा सीमित रहेका भट्टराईले समयको माग बुझ्दै अकबरे खुर्सानी खेती तथा बिरुवा उत्पादन सुरु गरे । सुरुका दिनमा लगानीको चुनौती, प्रविधिको अभाव र बजारको अनिश्चितता जस्ता कठिनाइहरू थिए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1920684/akbari-farming-flourishes-with-mulching-technology-photos**

## सरकारको हेपाहा प्रवृत्तिले अन्ततः दुर्घटनामा लैजान्छ : गगन थापा

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले वर्तमान सरकारले हेपाहा प्रवृत्ति देखाएको आरोप लगाएका छन् । उनले बोलाइसकेको संसद् अधिवेशन रोकर अध्यादेश ल्याउने कार्य संसद् र नागरिकलाई हेपेको रुपमा अर्थ लगाएका छन् । बुधबार सर्लाही पुगेका थापाले सञ्चारकर्मीसँग कुराकानी गर्ने क्रममा आफ्नो दल प्रमुख प्रतिपक्षी हुँदा पनि कुनै छलफल नभएको भन्दै आपत्ति जनाए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1920993/governments-negligent-attitude-will-ultimately-lead-to-accidents-gagan-thapa**

## रास्वपाका सांसदलाई रविका १२ निर्देशन

रास्वपाका सभापतिसमेत रहेका सांसद रवि लामिछानेले सांसदहरूलाई १२ बुँदे निर्देशन दिएका छन् । सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा उनले सांसदहरूलाई १२ बुँदे निर्देशन दिएका हुन् । उनले सांसदहरूलाई समसामयिक राजनीतिक विषय र भूमिकाबारे विभिन्न निर्देशन दिए । उनले सांसद र मन्त्रीबीच निश्चित समय अन्तरमा मन्त्रालयको सचिवसहितको मन्त्रालयगत छलफल गरिने पनि जानकारी गराए । उनले मालिक बन्न खोज्नेका लागि रास्वपा नभएको र सेवक र सहजकर्ताका लागि रास्वपा भएको बताए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1920990/rabis-12-point-instructions-to-rsp-mps**

## जाकाराण्डा फूलले भरेको सुन्दरता

ललितपुर महानगरपालिका-१४, महालक्ष्मीस्थानस्थित चक्रपथ छेउमा फुलेको बैजनी रङ्गको जाकाराण्डा फूलले त्यस क्षेत्रको सौन्दर्य बढाएको छ । हरेक वर्ष वसन्त ऋतुमा सातदोबाटोदेखि एकान्तकुनासम्मको सडक छेउमा जाकाराण्डा यसरी नै ढपक्कै फुलेको देखिन्छ । जसले चक्रपथ क्षेत्रको शोभासमेत बढाएको छ । महालक्ष्मीस्थान चोक, चापागाउँ दोबाटो चोक र थसीखेल चोकमा जाकाराण्डा फूलका ठुला रूखहरू छन् । बैजनी रङ्गमा फुलेको जाकाराण्डा फूलको सुन्दर दृश्यमा धेरै जना रमाइरहेका देखिन्छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/203590**

## नीति र न्याय अर्थात् नन्दाकुमारी

१५०० रुपैयाँ तलबमा शुरु गरेको रेडियो पत्रकारिताले नन्दाकुमारी थापालाई बाजुराको दूरदराजका बस्तीसम्म चिनायो । समाजका अनेकौं लाञ्छना चिर्दै अब्बल पत्रकार बनेकी उनी अहिले बडिमालिका नगरपालिकाकी उपमेयरका रूपमा सीमान्तकृतको न्यायका लागि लडिरहेकी छिन् । कुनै बेला बाजुरा र आसपासका गाउँहरूमा गुन्जिने रेडियो सेटहरूमा एउटा चिरपरिचित आवाज सुनिन्थ्यो । त्यो आवाजले दूरदराजका किसान, मजदुर र सीमान्तकृत वर्गका दुःख, पीडा र समस्याहरूलाई बुलन्द गर्थ्यो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/personality/from-radio-journalist-to-deputy-mayor-nanda-kumaris-quest-for-justice-in-bajura**

## ट्रम्पका विशेष दूत गोर काठमाडौं आउँदै, बालेनसँग भेट होला ?

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत सर्गियो गोर आज काठमाडौं आउँदैछन् । उनी आज साँझ काठमाडौं ओर्लिने परराष्ट्र मन्त्रालय स्रोतले बतायो । बालेन शाह नेतृत्वमा सरकार गठन भएयता नेपाल भ्रमणमा आउने गोर सबैभन्दा उच्च तहका कूटनीतिज्ञ हुन् । ३९ वर्षीय गोर दक्षिण तथा मध्य एशियाका लागि अमेरिकी राष्ट्रपति ट्रम्पका विशेष दूत हुन् । उनी हाल भारतका लागि अमेरिकी राजदूतका रूपमा पनि कार्यरत छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1921462/trumps-special-envoy-gore-is-coming-to-kathmandu-will-he-meet-with-balen**

## 'भूमिहीनलाई छिटोछिटो व्यवस्थापन गर्ने नाममा गल्ती गर्ने छुट छैन'

नेपाल सरकार वा राज्यका कुनै पनि संरचना सञ्चालन गर्नका निम्ति एउटा विधि हुन्छ। त्यो विधि भनेको संविधान र कानून हो । हामी त्यही अनुसार चल्ने गर्छौं । सरकारका यस्ता कानूनी विधि र प्रक्रियाहरूबारे जनतालाई सुसूचित गराउनु आवश्यक देखिन्छ । अहिले हामी नेपाल सरकारअन्तर्गत भूमि समस्या समाधान आयोगमा छौं । आयोगको अध्यक्षको हैसियतले मैले के महसुस गरें भने, सरकारले गरेका क्रियाकलापहरू आम जनताको चासोको विषय भएकाले उनीहरूलाई सत्यतथ्य जानकारी गराउनु हाम्रो दायित्व हो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1921168/there-is-no-room-for-mistakes-in-the-name-of-speedy-management-of-the-landless**

## प्रधानमन्त्रीका सल्लाहकारको स्पष्टीकरण : अध्यादेश स्वार्थ समूहका लागि होइन, नागरिक हितका लागि हो

प्रधानमन्त्री बालेन शाहका राजनीतिक सल्लाहकार असीम साहले सरकारले ल्याएका अध्यादेश कुनै व्यक्ति र स्वार्थ समूहका लागि नभई नागरिकको हितको लागि भएको दाबी गरेका छन् । सरकारले अध्यादेश ल्याएपछि आलोचना भइरहेका बेला सामाजिक सञ्जाल फेसबुकमा स्पष्ट्याउने प्रयास गर्दै सल्लाहकार साहले राज्य संयन्त्रको प्रभावकारिताका लागि अध्यादेश ल्याइएको बताएका हुन् । उनले अघि लेखेका छन्, 'कानुनी जटिलताका कारण जनसरोकारका काम रोकिनु हुँदैन भन्ने लोकतान्त्रिक मान्यतालाई आत्मसात गर्दै यसले देशको समृद्धिको यात्रालाई थप गति दिने बलियो आधार खडा गरेको छ ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1921439/prime-ministers-advisor-clarifies-ordinance-is-for-the-benefit-of-citizens-not-for-vested-interests**

## उल्टो बाटोमा मधेश सरकार

२३ र २४ भदौको जेनजी आन्दोलनपछि देशमा सुशासनको कुरा जोडतोडले उठ्यो । जसअनुसार, विगतका बेथिति र भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्ने प्रतिबद्धतासहित बालेन शाह अघि बढेको छ । मुलुकमा सुशासनको बहस चलिरहेका बेला मधेश सरकार भने विगतकै बेथितिको बाटोमा हिँड्न छोडेको छैन । नेपाली कांग्रेसबाट मधेश प्रदेशको मुख्यमन्त्री बनेका कृष्णप्रसाद यादव नेतृत्वको गठबन्धन सरकार अझै उल्टो बाटोमा छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1921054/madhesh-government-on-the-opposite-path**

## राजनीतिक नियुक्तिमा ठूलो 'सर्जरी'

राजनीतिक नियुक्तिमा वर्षौंदेखि जरा गाडेको नातावाद, कृपावाद, फरियावाद र पैसाको चलखेल अन्त्य गर्ने संकेत गर्दै वर्तमान सरकार सबै प्रकारका राजनीतिक नियुक्तिलाई 'सर्जरी' गर्ने गरी निर्णायक मोडमा पुगेको छ । बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकारले विगतका सरकारले गरेका झण्डै १२ सय राजनीतिक नियुक्तिहरू खारेज गर्दै ती पदहरूलाई पूर्ण रूपमा प्रतिस्पर्धा र मेरिटोक्रेसीका आधारमा पुनः भर्ना गर्ने गृहकार्य अघि बढाएको हो । सरकारको यो कदमलाई प्रशासनिक सुधार र सुशासनतर्फको महत्वपूर्ण 'ब्रेकथ्रु'का रूपमा हेरिएको छ । कूटनीतिक नियोग, सार्वजनिक संस्थान, नियामक निकाय, विश्वविद्यालय, न्यायिक र विभिन्न सचिवालयमा गरिएका नियुक्तिहरू लामो समयदेखि विवादित बन्दै आएका थिए । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/30/766120/**

## अध्यादेशको विरुद्धमा मोर्चा कस्दै विपक्षी दलहरू

अध्यादेशमार्फत शासन चलाउन खोजेको आरोपमा सरकारविरुद्ध चार विपक्षी दल एकै मोर्चामा उभिएका छन् । सरकारले संसद् छलेर अध्यादेश ल्याएको भन्दै विपक्षी दलहरूले त्यसको विरोध गर्दै एक ठाउँमा उभिएका हुन् । उनीहरूले अध्यादेश स्वीकृति नगर्न तत्कालका लागि राष्ट्रपतिसमक्ष दबाब बढाउने रणनीति अख्तियार गरेका छन् । त्यसमा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने श्रम संस्कृतिबाहेक प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेससहित चार दल रहेका छन् । नेकपा (एमाले), नेपाल कम्युनिस्ट पार्टी, राप्रपा नेपाल रहेका छन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/30/766127/**

## स्याङ्जाको कफी अन्तरिक्ष पुगेर फर्कियो

कफी र सुन्तला उत्पादनमा जिल्लाकै अगुवा स्याङ्जाको पुतलीबजार नगरपालिका-११ मायाटारीका बोधराज अर्यालले उत्पादन गरेको कफीको बीउ अन्तरिक्ष पुऱ्याएर फर्काइएको छ । अरविका जातको कफीको बीउ जापान हुँदै अन्तरिक्षमा पुऱ्याएर करिब एक वर्षपछि पुनः जिल्ला फर्काइएको हो । कृषक अर्यालको 'फार्मर्स प्यासन' ब्रान्डको अरविका कफीको बीउ नेपालमै पहिलो पटक अन्तरिक्ष पुऱ्याएर फर्काइएको बताइएको छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/27/765791/**

## शिक्षामा सिप 'स्केचिङ एन्ड स्कल्पचर' प्रदर्शनी

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान तथा काठमाडौँ महानगरपालिकाको सहकार्यमा महानगर अन्तर्गतका सार्वजनिक विद्यालयमा शिक्षामा सिप कार्यक्रम अन्तर्गत 'स्केचिङ एन्ड स्कल्पचर प्रदर्शनी-२०२६' बुधबारबाट सुरु भएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/203654**

## एकतामा निहित शक्ति

'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' अर्थात् आमा र जन्मभूमि स्वर्गभन्दा प्यारा हुन्छन् । व्यक्तिभन्दा राष्ट्र ठुलो हुन्छ । राष्ट्रको इज्जत, प्रतिष्ठा र अस्तित्वसँग हाम्रो इज्जत, प्रतिष्ठा र अस्तित्व जोडिएको हुन्छ । राष्ट्र र राष्ट्रियता नै हाम्रो ढुकढुकी हो, सर्वस्व हो । कर्तव्य हामीले आफ्नोतर्फबाट गर्नुपर्ने काम हो । हरेक मानिसको विभिन्न क्षेत्रमा आफ्नो कर्तव्य हुन्छ । कर्तव्यमा रहनु र कर्तव्य बोध हुनु फरक कुरा हुन् । मूलतः हाम्रो परिवार, समाज र राष्ट्रप्रति कर्तव्य हुन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/203676**

## शेखरले बोलाएको छलफलको समीक्षा- विशेष महाधिवेशनका कारण पार्टी एकता कमजोर

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले बोलाएको बैठकमा धेरैजसो नेताहरूले विशेष महाधिवेशनकै कारण पार्टी एकता कमजोर भएको बताएका छन् । नेता कोइरालाले पार्टी र देशका राजनीतिक घटनाक्रमबारे आफ्नो धारणा बनाउनका लागि राय लिन बिहीबार बालुवाटारको ओपेरा होटलमा बागमती प्रदेश स्तरीय छलफल बोलाएका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1921721/review-of-the-discussion-called-by-shekhar-party-unity-weakened-due-to-special-general-convention**

## बहालवाला प्रधानमन्त्रीदेखि उपसचिवसम्मको सम्पत्ति जाँचबुझ हुने

सरकारले बहालवाला प्रधानमन्त्रीदेखि उपसचिव वा त्यो सरहका सार्वजनिक पदाधिकारीहरुको सम्पत्ति अनुसन्धान हुनसक्ने गरी सम्पत्ति छानबिन आयोगलाई कार्यादेश दिएको छ । दुई साताअघि गठित आयोगका लागि जारी भएको कार्यादेश बिहीवार राजपत्रमा प्रकाशित भएको छ । सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर कार्यादेश तोकेपछि अब आयोगले औपचारिक रुपमा काम अघि बढाउन पाउनेछ । कार्यादेश अनुसार, बहालवाला न्यायाधीश र नेपाली सेनाका पदाधिकारीहरुको हदसम्म आयोगले अनुसन्धान गर्नेछैन । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1922154/assets-of-incumbent-prime-minister-to-deputy-secretary-to-be-investigated**